जनकपुर टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २३ •अंक ८ •२०७७ साल जेठ १४ गते बुधबार (27 May, Wednesday, 2020) •पृष्ठ ८ •मूल्य रु. ५।-



# धनुषा महोत्तरीमा ७४ करोडको उपभोक्ता समिति

टुडे समाचारदाता

जनकपुरधाम।प्रदेश २ सरकारको पूर्वाधार विकास मन्त्रालयबाट एक महिना भित्र ७४ करोडको काम उपभोक्ता समिति मार्फत हुन थालेकोछ।

जेठ १२ गतेदेखि पूर्वाधार निर्देशनालय जनकपुरधाममा उपभोक्ता समितिहरुले योजना दर्ता गर्न थालेका छन् ।योजना दर्ताहरु भएपछि कार्यालयले त्यसको लगत इष्टिमेट गर्ने र त्यसपछि उपभोक्ता समिति र कार्यालयबीच सम्झौता हुनेछ ।यो सबै प्रकृया पुरा गर्न जेठ महिना बित्नेछ।

असार महिनाको पहिलो हप्तादेखि उपभोक्ता समितिले काम थाल्नेछ ।असार २० गते भित्र योजना सम्पन्न र त्यसको मुल्यांकन समेत गरी भुक्तानी हुनुपर्नेछ ।आर्थिक ऐन अनुसार असार महिनाको २५ गते भित्र चेक काटिसक्नुपर्ने हुन्छ।

पूर्वाधार निर्देशनालयका अनुसार २ सय भन्दा बढी योजनाको सम्झौता गर्नुपर्ने अहिलेको अवस्था छ ।राजनीतिक दवावमा त्यो अझ बढन सक्ने कतिपय कर्मचारीहरु बताउँछन्।

गत आर्थिक वर्षको असार महिनामा सम्झौता भएका योजनाहरुको बक्यौता ८६ करोड रुपैयाको हाल सम्म भुक्तान हुन सकेको छैन् ।बक्यौता भुक्तानी गराउन प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र यादवको संयोजकत्वमा संघर्ष समिति बनेको छ।

पूर्वाधार निर्देशनालयका प्रमुख श्याम सुन्दर मिश्रले करिब २ सय योजनाको सम्झौता हुने बताए।'सम्झौताका लागि पेश हुन लागेका योजनाहरु मध्ये ९० प्रतिशत पीसीसी ढलान रहेकोछ' उनले भने, असारको पहिलो हप्ता भित्र काम गर्न नसक्ने उपभोक्ताको सम्झौता हुनेछैन्।

प्रत्यक्ष निर्वाचित प्रदेश साँसदहरु १६ जनाको ४८ करोडमा अधिकतम ९६ वटा योजना मात्र समावेश गर्न भनिएकोछ ।समानुपातिक प्रदेश साँसद १३ जनाको १३ करोडमा ३९ वटा योजना भन्दा बढी नराख्न सहमति भएकोछ ।त्यस अतिरिक्त मन्त्रालयले कार्यकर्ता पाल्न १३ करोडको योजना दिएकोछ ।निर्देशनालयका अनुसार हाल सम्म ६५ वटा योजना मन्त्रालयको उपभोक्ता समितिहरुको रहनेछ।

अन्य जिल्लाहरुमा फागुनदेखि नै उपभोक्ता समिति गठन भै प्रदेश सभासदस्यहरुको योजनाको सम्झौता भै सकेर कामपनि सुरु रहेको बताइन्छ ।तर धनुषा र महोत्तरीका प्रदेश सभासदस्यहरुले गत आर्थिक वर्षको भुक्तानी नभए सम्म काम नगर्ने अडान लिएकाले ढिला भएको बताइन्छ।

'गत वर्षको बक्यौता भुक्तानी हाल सम्म उपभोक्ताहरुले पाउन सकेका छैनन्' नेपाली काँग्रेस संसदीय दलका नेता रामसरोज यादवले भने, एउटा रकम बाँकी रहेको अवस्थामा फेरी अर्को काम गर्न नचाहेकाले ढिलाइ भएको हो ।हुनत पूर्वाधार कार्यालयका प्रमुख लगायतका प्राविधिकहरुको असहयोगको कारणपनि सम्झौतामा ढिला भएको उनले बताए ।मन्त्रालयले कर्मचारीहरुको सरुवा गरेपछि काम अगाडी बढेको यादवले जनाए ।तर उपभोक्ता समितिले सम्झौता गरेपनि सबै काम हुने संभावना कम छ।

प्रदेश सभासदस्यहरुबीच भएको सहमति अनुसार प्रत्यक्षले ६ र समानुपातिकले ३ वटा योजना दिनेछन् ।त्यस मध्ये माटो, ग्राभेल र पीसीसी ढलान रहनेछन्।

प्रदेशमा कोरोना भाइरसको संक्रमणबाट जनजीवन त्रसित छ ।क्वारेन्टाइन र आइसोलेशनमा प्रदेश सभासदस्यहरुको ध्यान नै पुगेको छैन् ।पालिकाहरुले बनाएको क्वारेन्टाइन मापदण्ड अनुसार नभएकाले मानिसहरु बस्न चाहँदैनन् ।तर प्रदेश सभासदहरु क्वारेन्टाइन र सीमावर्ती क्षेत्रमा अलपत्र परेका मानिसहरुबारे चासो लिदैनन्।

गत वर्षको बक्यौता दिन सरकारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रममा प्रतिबद्धता जनाउनेछ ।आर्थिक मामिला तथा योजना मन्त्रालयले अगामी आर्थिक वर्षको बजेटमा गत आर्थिक वर्षको बक्यौता ८६ करोड समावेश गर्नेछ।

प्रदेशमा कोरोना संक्रमितको संख्या दिनप्रतिदिन बढिरहेको बेला लकडाउन र समाजिक दुरीको अनुशासनलाई अझ कडाईका साथ पालना गर्नुपर्ने देखिन्छ।प्रदेशमा कोरोना भाइरसको टेस्ट गर्न भीटीएम किटको चरम अभाव रहेकोछ ।तर वर्षाको बेला माटो र ग्राभेलको काम गराएर धनुषा र महोत्तरी जिल्लामा ७४ करोड सिध्याउन थालिएकोछ।

गत आर्थिक वर्षमा करिब साढे ८ सय योजनाको भुक्तानी ८६ करोड रोकिएकोछ ।नियमले भुक्तानी दिन नमिल्ने भन्दै कयौं सचिवहरु दवाव खप्न नसकी सरुवा गराएर गइसकेका छन्।

'बक्यौता भुक्तानीका लागि सहमति भइसकेकाले अब प्रदेश सभाको बैठक सञ्चालन हुनेछ' प्रदेश सभासदस्य यादवले भने, बजेटमै रकम बिनियोजन भइसकेपछि अगामी आर्थिक वर्षमा भुक्तानी हुनेछ।

तर गतवर्ष भैं फेरी अन्तिम समयमा कामको दवाव बढेकोछ ।कामै नगरि भुक्तानी लिने प्रवृती अझै नरोकिएको ठेकदारहरु बताउँछन् ।२० लाख भन्दा बढी रकमको कार्य उपभोक्ता समिति मार्फत नगर्न आर्थिक निर्देशिकामा नै प्रावधान रहेपनि ५० लाख भन्दा माथिको कामपनि उपभोक्ता समितिको नाउँमा गर्नु अवैधानिक रहेको उनीहरु बताउँछन्।

गत वर्षपनि अधिकांश योजनाहरुको काम नभएको आरोप छ। काम गराउनेहरु नै मुल्यांकन गर्ने भएपछि नभएका कामहरुकोपनि मुल्यांकन गरिएको बताइन्छ।

# प्रदेश २ मा टेष्ट शिथिल, संक्रमित बढदो

टुडे समाचारदाता

जनकपुरधाम ।प्रदेश २ मा कोरोना भाइरस संक्रमितको संख्या बढन थालेको छ ।प्रदेश २ मा मंगलवार सम्म २ सय ७९ जना कोरोना भाइरस संक्रमितको पुष्टि भएकोछ ।यो संख्या देशको ७ वटा प्रदेश मध्ये प्रदेश नम्बर ५ बाट मात्र कम छ।

प्रदेशमा क्वारेन्टाइनको संख्या भने हरेक दिन थपिदैछ।हाल सम्म २ सय ९१ क्वारेन्टाइनमा १२ हजार ६ सय ३८ जना रहेका छन् ।होम क्वारेन्टाइनमा बस्नेको संख्या ४ हजार ८ सय ३८ रहेको समाजिक विकास मन्त्रालयले जनाएकोछ। ५ सय ७१ आइसोलेशन बेड मध्ये १ सय ८३ जना रहेका छन्।

प्रदेशमा संक्रमितहरु मध्ये सर्वाधिक पर्सामा ९५ जना, रौतहटमा ७१ जना, बारामा ४१ जना, सर्लाहीमा ३४ जना, सप्तरीमा १५ जना, धनुषामा १२ जना , महोत्तरी र सिरहामा ६/६ जना रहेका छन्। हाल सम्म ९ हजार ८ सय ४६ स्वाब संकलन भएकोमा २ हजार ४ सयको रिपोर्ट आउन बाँकी रहेको समाजिक विकास मन्त्रालयले जनाएकोछ।हाल सम्म ६ हजार २ सय ३९ आरडीटी टेस्ट भएकोमा २० जनामा कोरोना भाइरस पोजिटिव देखिएकोछ।

# कोरोना भाइरस संक्रमितको संख्या ७८३ पुग्यो

टुडे समाचारदाता

काठमाण्डु ।नेपालमा कोरोना भाइरस संक्रमितको सर्वाधिक संख्या मंगलवार एकै दिन १ सय १ पुष्टि भएकोछ ।हाल सम्मकै सबै भन्दा बढी पुष्टि भएको यो नै हो।

देशभरि कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या ७ सय ८३ पुगेको छ। मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले विभिन्न जिल्लाका थप ९० जनामा संक्रमण देखिएको जनाएका छन्।

सप्तरीमा मंगलबार थप ११ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवका अनुसार पछिल्लो पटक सप्तरीको बोदेबरसाइन नगरपालिकाका ८ जना,बलान बिहुल गाउँपालिकाका २ जना र सुरुङ्गा नगरपालिकाका १ जनामा कोरोना संक्रमण पुष्टि भएको हो।

संक्रमण पुष्टि हुनेहरुमा कपिलवस्तुमा सर्वाधिक २६ जना , रौतहटमा २२ जना, सुर्खेतमा १२ जना , सप्तरीमा ११ जना, बाँकेमा ८ जना, सिरहामा ५ जना , बारामा ३ जना , महोत्तरी, जुम्ला, गुल्मी, अर्घाखाँची र स्याङ्जामा २/२ जना छन् ।त्यसैगरि धनुषा, रुपन्देही, कैलाली र अछाममा १/१ जना छन्। मुलुकका अब ४६ जिल्लामा संक्रमण फैलिएकोछ।

मन्त्रालयका अनुसार हाल सम्म बाँके जिल्लामा १ सय ५४ जनामा संक्रमण पुष्टि भएको छ। त्यस्तै कपिलवस्तुमा १ सय ९, पर्सामा ९५, रौतहटमा ६९ र रुपन्देहीमा ४४ जनामा संक्रमण पुष्टि भएको छ।

मन्त्रालयले हालसम्म संक्रमण पुष्टि भएकाहरुमध्ये १ सय ५५ जना निको भएर घर फर्केका छन्। कोरोना भाइरसको संक्रमणबाट बाँके, सिन्धुपाल्चोक, गुल्मी र बाराका १/१ जनागरि ४ जनाको मृत्यु भएको छ।

हाल सम्म प्रदेश १ मा ११ हजार ६६, प्रदेश २ मा ६ हजार ५ सय ६१ बागमती प्रदेशमा २४ हजार २ सय १६, गण्डकी प्रदेशमा ७ हजार ७ सय १, प्रदेश ५ मा १६ हजार ८ सय ८०,कर्णाली प्रदेशमा १० हजार ६ सय १८ र सुदूरपश्चिम प्रदेशमा २० हजार ९ सय २५ गरी जम्मा ९७ हजार ९ सय ६७ नमूना आरडीटीबाट परीक्षण भएका छन्।

यस्ते क्वारेन्टाइनमा बस्नेको संख्या ५५ हजार २ सय ८२ पुगेको छ। आइसोलेसनमा ५ सय ८२ जना रहेका छन्।




मिथिला बिहारी नगरपालिका
तारापट्टी बजार, धनुषा, प्रदेश नं. २



# ट्र्याक्टरको ठक्करबाट महिलाको मृत्यु

जनकपुरधाम। धनुषामा एक महिलालाई ट्र्याक्टरलाई ठक्कर दिँदा मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालयकाअनुसार धनुषाको सबैला नगरपालिकामा गएराति ट्र्याक्टरले ठक्कर दिँदा एक महिलाको घटनास्थलमै मृत्यु भएको हो।

ठक्करबाट मृत्यु हुनेमा सबैला नगरपालिका-१२ रघुनाथपुर बस्ने ४२ वर्षीया सुमित्रादेवी साह तेली छन् । सबैला र रघुनाथपुरको बीचमा रहेको सशस्त्र बेसक्याम्प नजिक गएराति हुरीबतास आएको समयमा अनटेस्ट (नम्बर नभएको) ट्र्याक्टरले उनलाई ठक्कर दिएको थियो।

साँझ आएको हावाहुरीबाट बच्नका लागि खेतबाट घरतर्फ फर्किँदै गर्दा अँध्यारोमा ट्र्याक्टरले ठक्कर दिएको र उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्कर दिने ट्र्याक्टर र चालक सबैला नगरपालिका-१२ बरकुरबा बस्ने २२ वर्षीय शम्भु सदा प्रहरीको नियन्त्रणमा रहेका छन् भने मृतक तेलीको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुर ल्याइएको छ ।रासस

# घरेलु मदिरा नष्ट

**रञ्जन यादव**

जीतपुर । ईलाका प्रहरी कार्यालय सिमरा बाराले भारी मात्रामा अबैध घरेलु र सिल प्याक मदिरा नष्ट गरेको छ।

नष्ट गरिएको मदिरामा २ हजार लिटर घरेलु मदिरा र ४ सय ५० पिस सोफी, कस्तुरी लगायत सिल प्याक मदिरा रहेको छ।

बिभिन्न समयमा मातहतका कार्यालयबाट वेवारिसे अवस्थामा उक्त अबैध मदिराहरु फेला पारीएको ईलाका प्रहरी कार्यालय सिमराका प्रमुख गोबिन्द पुरीले जानकारी दिए।

प्रहरी निरीक्षक सुर्य बहादुर राना मगर नेतृत्वको टोलीले बरामद मदिरालाई नष्ट गरेको हो । जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.४ स्थित दुधैरा खोलाको छेउमा खाल्डोमा पुरेर नष्ट गरिएको ईलाका प्रहरी कार्यालय सिमराले जनाएको छ । मदिरा नष्ट गर्ने कार्यक्रमम स्थानिय जन प्रतिनिधि र पत्रकारको उपस्थिती रहेको थियो।



# धनुषाको संक्रमितबारे प्रदेश र जिल्लाको छुट्टाछुट्टै तथ्यांक

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको कोरोना संक्रमितबारे प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालयले फरक फरक तथ्यांक सार्वजनिक गरेको छ।

प्रदेशको सामाजिक विकास मन्त्रालयले धनुषामा कुल संक्रमित १२ जना भनेपनि जिल्ला विपद् व्यवस्थापन समितिले ११ जना मात्रै भनेको छ। सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले नियमित मिडिया ब्रिफिङ्का क्रममा मंगलबार धनुषामा १२ जना संक्रमित देखिएको जानकारी गराएका थिए।

जिल्ला विपद् व्यवस्थापन समितिका सूचना अधिकारी गणेशचन्द्र मिश्रले मंगलबारे प्रेस बिज्ञप्ती जारी गर्दै ११ जना संक्रमित रहेको बताएका छन्।

बिज्ञप्तीमा हालसम्म धनुषाका १६ सय ८० जनाको स्वाब संकलन गरिँदा ११ जनाको पोजेटिभ र ७ सय ४५ जनाको नेगेटिभ आएको उल्लेख गरिएको छ । यस्तै, ९ सय ३५ वटा स्वाबको नतिजा आउन बाँकी रहेको उनले बताएका छन्।

धनुषाका १२ सय ७० बेड क्षमता भएको ३१ वटा क्वारेन्टाइनमा १२ सय ८१ जनालाई राखिएको र ६२ बेडको आइसोलेसनमा ६२ जना नै भर्ना भएको बिज्ञप्तीमा उल्लेख छ।

आइसोलेसनमा धनुषासहित सर्लाही र महोत्तरीका समेत संक्रमित छन्।

# दुई जना सेनासहित पाँचमा कोरोना पुष्टि

**टुडे समाचारदाता**

कलैया। बारामा नेपाली सेनाका दुई जना जवानसहित थप पाँच जनामा कोरोना पुष्टि भएको छ।

पचरौता नगरपालिकाको क्वारेन्टाईनमा बस्दै आएका तीन जना र क्वारेन्टाईनको सुरक्षामा खटिएका दुई जना सैनिकमा कोरोना पुष्टि भएको प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पण्डितले बताए । सुरक्षामा खटिएका सैनिकहरु वर्ष ३५ र ३६ का हुन् भने क्वारेन्टाइनमा रहेकाहरु बर्ष १९ ,३० र ३५ का पुरुषहरु हुन्।

नेपाली सेनाको दुई जवानलाई कलैया अस्पताल र क्वारेन्टाईनमा बसिरहेका तीन जनालाई गण्डक अस्पतालमा भर्ना गरिएको छ । यस अघि जिल्ला प्रहरी कार्यालय कलैया बारामा नेपाल प्रहरीको सात जनामा कोरोना पुष्टि भएको थियो।

संक्रमित भएका पचरौता नगरपालिकाका ब्यक्तिहरु गत बैशाख ३१ गते भारतको दिल्ली,पटना र हरियाणाबाट फर्केर क्वारेन्टाईनमा बस्दै आएका थिए।

उनीहरुको जेठ ७ गते स्बाब सङ्कलन गरी परिक्षणको लागि काठमाण्डुको टेकुस्थित केन्द्रिय प्रयोगशालामा पठाईएको थियो । संक्रमण देखिएका भारतबाट आएकाहरु पचरौता नगरपालिका वडा नं.१ का २ जना र वडा नं.२ का १ जना रहेका छन् ।

हाल पचरौता नगरपालिकाको क्वारेन्टाईनमा १ सय ३ जना रहेका छन् । यो सँगै बारामा कोरोना संक्रमितको सङ्ख्या ४६ पुगेको छ। जसमा २ जना डिस्चार्ज, १ जनाको मृत्यु,४० जना कलैया अस्पताल र तीन जना बिरगंजस्थित गण्डक अस्पतालमा भर्ना रहेको बाराका प्रमुख जिल्ला अधिकारी पण्डितले बताए।

# सप्तरीमा ११ कोरोना संक्रमित थपिए

**टुडे समाचारदाता**

राजविराज। सप्तरीमा ११ जना कोरोना संक्रमित थपिएका छन्। १ महिलासहित ११ जनामा मंगलबार कोरोना संक्रमण देखा परेको छ।

जिल्ला स्वास्थ्य कार्यालय, राजविराजका अनुसार सबैभन्दा बढी बोदे बर्साइन नगरपालिकामा फेला परेका छन्। यो नगरपालिकाका ८ जना पुरुष संक्रमित देखिएको स्वास्थ्य कार्यालय प्रमुख दुनियाँलाल यादवले जानकारी दिए । बोदे बर्साइन वडा नम्बर ६ का २०, १८ र १९ बर्षीय पुरुष, वडा नम्बर ९ का २० र २१ बर्षीय पुरुष, वडा नम्बर १ का १९ र २८ बर्षीय पुरुष तथा वडा नम्बर ७ का ५६ बर्षीय पुरुष छन्।

उनका अनुसार बलान बिहुल गाउँपालिकाका २ जनामा संक्रमण देखिएको छ। १७ बर्षीया महिलासहित १ जना पुरुषमा समेत संक्रमण देखापरेको छ।

सुरुङ्गा नगरपालिकाका १ जना पुरुष संक्रमित देखिएका छन् । संक्रमित सबै भारतबाट आएका हुन् । यी सबैको स्वाब संकलन गरी धरानस्थित घोपा क्याम्पको प्रयोगशालामा पठाइएको थियो । उनीहरुको रिपोर्ट मंगलबार आएको यादवले बताए। संक्रमितलाई क्वारेन्टाइनबाट राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अंचल अस्पताल ल्याउन लागिएको छ।

यो सँगै सप्तरीमा संक्रमितको संख्या १५ पुगेको छ। डाक्नेश्वरी नगरपालिका ३, ५ र ८ तथा बलान बिहुल गाउँपालिका ४ का एक पुरुष यसअघि नै संक्रमित भइसकेका छन् । संक्रमितहरुको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको आइसोलेसन कक्षमा उपचार भइरहेको छ।

# हावाहुरीबाट हाँस फार्ममा क्षति

**टुडे समाचारदाता**

जनकपुरधाम । हावाहुरीबाट विलास हाँस तथा कुखुरा फार्ममा भारी क्षति भएकोछ । सोमबार राती ८ बजे ठूलो हावाहुरी आएको थियो। फार्ममा २० लाख बढीको क्षति भएको बताइएकोछ।

सो हावाहुरीले क्षीरेश्वरनाथ नगरपालिकाको वडा नम्बर४ढल्केवर-जनकपुरधामसडक खण्डमा रहेको विलास हाँस फार्मको करिब डेढ सय फिट लामो चदराको ट्रस(सेड)लाई उडाइदिएकोछ।



फार्मका सञ्चालक रामविलास दासले जनाए अनुसार फार्ममा रहेको डेढ हजार बढी हाँस मध्ये १ हजार २ सय भन्दा बढी मरेका छन्। उनका अनुसार केहिलाई विभिन्न जनावरहरुले खाएका छन्।

५लाख भन्दा बढीको हाँस र १५ लाख भन्दा बढी मुल्यको ट्रस(सेड)को क्षति भएकोछ। अढाई दशकदेखि हाँस पालनगर्दै आएका रामविलास दासले हावाहुरीबाट क्षति भएपछि बाँचेका हाँसलाई राख्न समेत समस्या भएको बताए।

# हावाहुरीले प्रहरी भवनसहित आधा दर्जन व्यक्तिको घरमा क्षति

टुडे समाचारदाता

मलगंवा । हाबाहुरीले सर्लाहीमा प्रहरी चौकीसहित आधा दर्जनभन्दा बढी व्यक्तिको घरमा क्षति पुऱ्याएको छ भने एक जनाको च्यापिएर खुट्टा भाँचेको छ।

जिल्लाको ईश्वरपुर नगरपालिका १४ स्थित गौरीशंकर प्रहरी चौकीको कम्पाउण्डभित्र रहेको सपेताको रुख ढली ईट्टाको वाल, टाएलसको छानो भएको भान्सा घर पूर्ण रुपमा क्षती भएको छ। प्रहरी चौकी भवनको माथिल्लो तल्लाको कोठामा समेत क्षति पुगेको सर्लाही प्रहरीका प्रबक्ता एवं डिएसपी मदन कुँवरले जानकारी दिए । हाबाहुरीले कौडेना गाउँपालिका ७ बस्ने जोहिन्द्र बैठाको जस्ताले छाएको घरको छानो, गोडैता नगरपालिका १० बस्ने दुखा पासवानको टायलले छाएको छानो उडेको छ भने सोही ठाउँका सिता कुमारी महतोको बाँस र माटोले बनाएको घरको भित्ता भत्केको छ।

यस्ते, ईश्वरपुर नगरपालिका ७ बस्ने शिवचरण चौधरीको बासको टाटी, टायलको छानो भएको १ तल्ले कच्ची घर पुर्ण रुपमा क्षतिग्रस्त भएको छ भने सोही ठाउँका राजकुमार महतोको बाँसको टाटी, टायलको छानो भएको १ तल्ले कच्ची घर आंशिक रुपमा क्षति भएको छ।

बागमती नगरपालिका ३ बस्ने गंगाराम महतोकी ३४ बर्षीया पत्नी शैला कुमारी महतो घाइते भएकी छन् । एक तले फुसको घरमा बसी रहेको अबस्थामा अचानक आएको हावा हुरी, पानीको कारण घर भत्किँदा च्यापिएर उनको खुट्टा भाँचिएको डिएसपी कुँवरले बताए।

# क्वारेन्टिनमा मृत्यु भएकी महिलाको शव व्यवस्थापन

काठमाण्डु । क्वारेन्टिनमा मृत्यु भएकी प्युठान, ऐरावती गाउँपालिका -६ की २६ वर्षीया महिलाको शव व्यवस्थापन गरिएको छ। महिलासँगै बसेका परिवारका पाँच सदस्य आरडिटी रिपोर्ट नेगेटिभ आएको र मृतकको पिसिआर रिपोर्ट आउन बाँकी रहेका कारण सुरक्षा सतर्कताका साथ परिवारको सहमतिमा शव जङ्गलमा व्यवस्थापन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीले बताउनुभयो।

लामो समयदेखि भारतमा ब्रेन ट्युमरको उपचार गराउनुभएका उहाँलाई चिकित्सकले निको नहुने बताएपछि उहाँ स्वदेश फर्किएर यही जेठ ८ गतेदेखि क्वारेन्टिनमा बस्नुभएको थियो ।रासस

# कृषिमा दुई लाख रोजगारीको सम्भावना

काठमाण्डु । कोभिड-१९ का कारण लाखौँको संख्यामा रोजगारी गुम्ने प्रक्षेपण भइरहँदा सरकारले कृषि क्षेत्रमा सम्भाव्यता पहिचान गरी रोजगारीको अवसर सिर्जना गर्ने भएको छ। श्रम रोजगार पत्रकार समूहले आज गरेको भर्चुअल अन्तरक्रियामा कृषि तथा पशुपक्षी विकासमन्त्री घनश्याम भुसालले तत्काल कृषि क्षेत्रमा दुई लाख रोजगारी सिर्जना गर्ने सम्भावना सरकारले देखेको बताउनुभयो।

कोरोना महामारीपश्चात वैदेशिक रोजगारीमा गएका हजारौँ नेपाली श्रमिक स्वदेश फर्कने आँकलन गरिएकोरयस्तोअवस्थामा उनीहरुलाई कृषिमा आकर्षित गर्नुपर्ने बहस हुँदै आए पनि विदेशबाट फर्काइएकालाई कसरी काममा लगाउने भन्नेमा कम छलफल भइरहेको मन्त्री भुसालको भनाइ थियो।

विदेशबाट फर्केर कृषिमा लाग्नेका लागि सरकारले प्राविधिक सेवाको ग्यारेण्टी गर्ने, मल, बीउबिजन र पानी सस्तोमा उपलब्ध गराउने, रिफाइनान्सको ग्यारेण्टी गर्ने र उत्पादित बस्तु बिक्छ भन्ने कुराको सुरक्षित गर्दै काम गर्ने वातावरण भने बनाउन सकिने उहाँको भनाइ छ।

उहाँले आगामी वर्षलाई कृषि क्षेत्र सुधारका लागि आधार वर्षका रुपमा लैजाने बताउनुभयो । कृषि क्षेत्रको विकासका लागि स्थानीय आवश्यकताअनुसार व्यवस्था गर्नुपर्नेछ मन्त्री भुसालले भन्नुभयो, "किसानले उत्पादन गर्ने कृषि सामाग्रीको लागि बिउ बिजन, मल, सिँचाइदेखि उचित भण्डारणको लागि आवश्यक व्यवस्था गर्नुपर्नेछ त्यसका लागि मन्त्रालयले तयारी गर्दैछ।

सबै स्थानीय तहमा यस वर्ष कृषि सुधारको जग बसाल्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, आगामी वर्ष राम्रो राष्ट्रिय बजार स्थापित गर्दै तेस्रो वर्ष कृषिलाई एक आकारमा ल्याउने हो, जबसम्म कृषकको नाफाको ग्यारेन्टी हुँदैन तबसम्म कृषि क्षेत्रको सुधार हुँदैन त्यसैले समर्थन मूल्य तोक्दैछौँ ।रासस

## सुखीपुर नगरकार्यपालिको कार्यालय सुखीपुर सिरहाको हकदारी सम्वन्धि ३५ दिने सुचना

सिरहा जिल्ला अन्तर्गत संचालित तपसिलको विद्यालयले नियमानुसार स्थानान्तरण गरी संचालन गर्न अनुमति पाउँ भनी उक्तः विद्यालयका संचालक समितिले यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त विद्यालय उपर कसैको हकदावी वा लेनदेन वाँकी रहेमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सवुद सक्कल प्रमाण सहित यस सुखीपुर न.पा. को कार्यालयमा हक दावी गर्नहुन, अन्यथा नियमानुसार स्थानान्तर भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | विद्यालयको नाम | हालको ठेगाना | स्थानान्तर चाहेको ठेगाना | केफियत |
|---|---|---|---|---|
| १ | अक्षर पाठशाला सिरहा प्रा.लि. | मिर्चैया न.पा. ७, सिरहा | सुखीपुर न.पा. ७, सिरहा | |

शिक्षा अधिकृत

# नीति तथा कार्यक्रमको धन्यवाद प्रस्ताव पारित

हेटौडा । वाग्मती प्रदेशसभाको मंगलबारको बैठकले नीति तथा कार्यक्रममा धन्यवाद प्रस्ताव पारित गरेको छ। मंगलबार बसेको दोस्रो बैठकले प्रदेश प्रमुख विष्णुप्रसाद प्रसाईंले सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गर्नुभएकामा सर्वसम्मतिबाट धन्यवाद प्रस्ताव पारित गरेको हो । उक्त धन्यवाद प्रस्ताव पारित गरियोस् भनी सत्तारूढ दल नेकपाका प्रमुख सचेतक केशवराज पाण्डेले प्रस्ताव गर्नुभएको थियो भने सहसचेतक बुद्धिमान माझीले समर्थन गर्नुभएको थियो।

सोही बैठकमा आज नीति कार्यक्रममाथि २८ जना प्रदेशसभाका सदस्यहरुले आ-आफ्नो धारणा व्यक्त गरी सरकारलाई कोरोनाको थप उपचारका लागि अपनाउनुपर्ने पिसिआर परीक्षणलाई तीव्रता दिएर रोगको पहिचान गर्न आग्रह गर्नुभयो।

सो छलफल कार्यक्रममा नेपाली काँग्रेस संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले कोरोना प्रकोपको सङ्क्रमणलाई नियन्त्रण गर्ने परीक्षणको सङ्ख्या बढाउने, प्रदेशको जिल्लाहरुमा सुविधायुक्त प्रयोगशालाको स्थापना गर्ने र वैदेशिक रोजगारीमा गएका युवाहरुलाई स्वदेशमा फिर्ता ल्याई रोजगार मुलुक कृषि उत्पादन र घरेलु उद्योगमा आबद्ध गराउन वाग्मती सरकारको बजेटले समेट्नुपर्ने सुझावहरु प्रस्तुत गर्नुभयो।

उहाँले सांसदहरुलाई पूर्वाधार विकासका लागि दिँदै आएको रु तीन करोड रकम अब सांसदलाई होइन अब कोरोना नियन्त्रण उद्धार कोषका लागि हस्तान्तरण गर्न र प्रदेशको स्थानीय तहसँग सरकारले समन्वय गरेर आवश्यक थप क्वारेन्टिन र आइसोलेशन कक्षको स्थापना गर्नेतर्फ बजेट विनियोगन गर्नेतर्फ सहमति कायम गर्न आग्रह गर्नुभयो।

उहाँले नीतिगत कार्यक्रममा विपन्न एवम् ज्यालादारीमा काम गर्ने कृषक र मजदूरहरुलाई पनि अब आगमी बजेटले प्रत्यक्ष रोजगार दिने अवसर जुटाउन प्रदेश सरकारले नयाँ रणनीतिका साथ कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो । रासस

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख। |
| बृष | : धन बृद्धि सञ्चय। |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : सुख समृद्धि हुने। |
| सिंह | : बौद्धिक क्षमता। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : नयाँ कार्य हुने। |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : शिक्षामा उन्नति। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१ ☎☎

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# महोत्तरीका क्वारेन्टाइन खचाखच भरिँदै

जलेश्वर । भारतबाट घर फर्कने क्रम बाक्लिएसँगै महोत्तरी जिल्लाका क्वारेन्टिन केन्द्र भरिभराउ भएका छन् । पछिल्ला पाँच दिनयता भारतबाट फर्कने बढ्दै गएसँगै यहाँका क्वारेन्टिन केन्द्रमा मानिस थपिने क्रम ह्वात्तै बढेको हो ।

> *यसअघि १९ क्वारेन्टिन केन्द्र रहेका जिल्लामा अहिले २५ थपेर ४४ पुऱ्याइएको छ। एक हजार ८४९ शय्याका ४४ क्वारेन्टिनमा सोमबारसम्म ३७ महिलासहित एक हजार ५५३ शङ्कास्पद व्यक्ति बसिरहेका जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ। पछिल्ला पाँच दिनभित्र एक हजारभन्दा बढी सङ्ख्या क्वारेन्टिन केन्द्रमा थपिएको कार्यालयका कोभिड–१९ रोकथाम अभियानका स्रोत व्यक्ति जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झाले जानकारी दिनुभयो।*

यसअघि १९ क्वारेन्टिन केन्द्र रहेका जिल्लामा अहिले २५ थपेर ४४ पुऱ्याइएको छ । एक हजार ८४९ शय्याका ४४ क्वारेन्टिनमा सोमबारसम्म ३७ महिलासहित एक हजार ५५३ शङ्कास्पद व्यक्ति बसिरहेका जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ । पछिल्ला पाँच दिनभित्र एक हजारभन्दा बढी सङ्ख्या क्वारेन्टिन केन्द्रमा थपिएको कार्यालयका कोभिड-१९ रोकथाम अभियानका स्रोत व्यक्ति जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झाले जानकारी दिनुभयो । यसबाहेक घरमै स्वास्थ्यकर्मीको रेखदेखमा १८२ क्वारेन्टिनमा छन् ।

जिल्लामा सबैभन्दा बढी भारतीय सीमावर्ती सम्सी गाउँपालिकाका पाँच केन्द्रमा गरी ३९० छन् । त्यसैगरी जिल्लाको उत्तर मध्यवर्ती भङ्गाहा नगरपालिकाका चार केन्द्रमा गरी १७८, सोनमा गाउँपालिकामा १३०, मनराशिशवा नगरपालिकामा १२० र जलेश्वर नगरपालिकाका केन्द्रमा ९१ जना रहेका छन् ।

यसबाहेक जिल्लाका सबैजसो क्वारेन्टिन केन्द्रमा भारतबाट घर फर्केकाहरू थपिँदैछन् । फर्कनेहरू आफ्नै बस्ती छेउको (आफ्नै स्थानीय तहको) केन्द्रमा बस्न चाहँदा कतै शय्याको अभाव र कतै केही शय्या खाली रहेको स्थिति छ । जिल्लाका १५ वटै स्थानीय तहका केन्द्रमा मान्छे थपिने क्रम ह्वात्तै बढेको हो ।

जिल्लामा क्वारेन्टिन केन्द्रमा मानिस थपिँदै गए पनि पिसीआर परीक्षणका लागि स्वाब सङ्कलनको गति धिमा (सुस्त) देखिएको छ । रासस

# क्रियाशील पत्रकारको कोरोना बीमा

मलगंवा । जिल्लामा क्रियाशील पत्रकारको कोरोना बीमा शुरुभएको छ। फ्रण्टलाइनमा रहने पत्रकार कोरोनाको उच्च जोखिममा रहेकाले उनीहरूको कोरोना बीमा गर्न शुरु गरिएको नेपाल पत्रकार महासङ्घ सर्लाही शाखाका अध्यक्ष विश्वनाथ ठाकुरले बताउनुभयो ।

प्रदेश नं २ मा कोरोना सङ्क्रमणको उच्च जोखिम रहेको र त्यसबाट स्वास्थ्यकर्मी र सुरक्षाकर्मीसँगै फ्रण्टलाइनमा रहेर समाचार सम्प्रेषण गर्ने पत्रकारसमेत उच्च जोखिममा रहेकाले उनीहरूको बीमा गर्न शुरु गरिएको महासङ्घका अध्यक्ष ठाकुरले बताउनुभयो ।

छिमेकी देश भारतसँग प्रत्यक्ष सीमा जोडिएको जिल्लाको ५१ किलोमिटर क्षेत्रफल खुला रहेका कारण पनि जिल्लामा कोरोना सङ्क्रमणको जोखिम छ भने जोखिमका बीच पनि फ्रण्टलाइनमा रहेर समाचार सम्प्रेषण गर्ने पत्रकारप्रति लक्षित गरी कोरोना बीमा गर्न लागिएको महासङ्घ शाखाले जनाएको छ।

जिल्लामा क्रियाशील पत्रकारको बीमाका लागि नेपाल पत्रकार महासङ्घ केन्दीय कार्यालयबाट समेत परिपत्र भइसकेकाले पनि कोरोना बीमामा आवद्ध हुन जिल्लाका पत्रकारलाई सूचना गरिसकेको महासङ्घ सर्लाही शाखाले जनाएको छ।

जिल्लामा महासङ्घमा आवद्ध ६७ र स्थानीय विभिन्न रेडियो, पत्रपत्रिका तथा अनलाइनमा क्रियाशील करिब १०० पत्रकारको बीमा गरिने भएको हो । उहाँका अनुसार बीमा गर्नका लागि पत्रकारले नागरिकता पमाणपत्रको फोटोकपी एकप्रति र पासपोर्ट साइजको फोटो एकप्रति उपलब्ध गराउनुपर्ने छ ।रासस

# सदरमुकाम जान जोखिम !

लहान । तराई-मधेशको लाइफलाइनके रूपमा रहेको हुलाकी राजमार्गअन्तर्गत सिरहाको औरही गाउँपालिकास्थित गागनखोलामा पुल नहुदाँ स्थानीयहरू एक दशकदेखि जोखिमपुर्ण यात्रा गर्न बाध्य छन् ।

काम विशेषले सदरमुकाम सिरहा बजार आवतजावत गर्ने सो क्षेत्रका स्थानीयवासी एकातिर सो खोलामा पुल नहुँदा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्। अर्कोतिर खोला गहिरो भएकाले बाढीका बेला सवारी साधन नै भाँसिने जोखिममा पर्ने गरेको जनाइएको छ।

"आफ्नो गाउँदेखि १५ किलोमिटर उत्तरको पूर्वपश्चिम राजमार्ग छिचोल्न ठूलो समस्या छ", औरही गाउँपालिका-१ शिवनाथ यादवले भन्नुभयो, "पुल नहुँदा कतिपयले जोखिम उठाएरै खोला तरेर सदरमुकाम पुग्छन् भने कतिपयले घुमाउँरो बाटोको प्रयोग गरी दिनभरि समय खर्चिएर सदरमुकाम पुग्ने गर्छन् ।"

सो भेगका स्थानीयवासी सदरमुकाम सिरहासम्म पुग्न हुलाकी राजमार्गदेखि उत्तर पूर्वपश्चिम राजमार्ग र पुनः पूर्वपश्चिम राजमार्गको चोहर्वा खण्डबाट १८ किलोमिटर दक्षिणको घुमाउरो बाटो प्रयोग गर्दा दिनभरिको समय खर्चिनुपर्ने बाध्यता रहेको सुनाउँछन् ।

करिब २० वर्षअघि सडक डिभिजन कार्यालयले सो खोलामा पुल निर्माण गरेको थियो तर पुल निर्माण सम्पन्न भएको १० वर्षपछि आएको ठूलो बाढीले पुलदेखि ३५० मिटर उत्तरको पूर्वी बाँध भत्काएर खोलाले साविकको पुलदेखि २०० मिटर पूर्वबाट धार बनाएर बग्न थालेपछि सो क्षेत्रका स्थानीयवासीको आवागमन कष्टकर बनेको छ।

"पहिलेको खोलामा पानी बग्न छोडेको छ त्यहाँको सुख्खा नदीमा पुल छ तर धार परिवर्तन गरी बगिरहेको खोलामा बाह्रै महिना पानी बग्ने गरेको छ", सिरहाको बरियारपट्टी गाउँपालिका-३ का महेश यादवले भन्नुभयो, "सुख्खायाम त केही

> *काम विशेषले सदरमुकाम सिरहा बजार आवतजावत गर्ने सो क्षेत्रका स्थानीयवासी एकातिर सो खोलामा पुल नहुँदा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । अर्कोतिर खोला गहिरो भएकाले बाढीका बेला सवारी साधन नै भाँसिने जोखिममा पर्ने गरेको जनाइएको छ । "आफ्नो गाउँदेखि १५ किलोमिटर उत्तरको पूर्वपश्चिम राजमार्ग छिचोल्न ठूलो समस्या छ"*

सहज हुन्छ, तर बाढीको समयमा दुई महिनासम्म त झन त्यहाँका स्थानीयवासीलाई आवतजावत गर्न गाऱ्हो हुन्छ ।"

हुलाकी राजमार्गको औरही खण्डमा गागनखोलाले बनाएको ती दुईवटैखोला सामरिक हिसाबले निकै महत्वपूर्ण रहेको स्थानीयवासीको अनुभव छ । औरहीदेखि करिब सात किलोमिटर पश्चिम सिरहा सदरमुकाम छ भने औरहीदेखि मात्र दुई किलोमिटरको दूरीमा पूर्वभारतीय बजार लदनियासँग जोडिएको बरियारपट्टी बजार रहेको छ।

सो खोलामाथि पुल बनेको वा भत्किएको बाँध पुनःनिमाण गरी धारलाई साबिककै ठाउँमा फर्काउन सकिए हुलाकी राजमार्गको पूर्व भगवानपुर र ठाडी बजारदेखि पश्चिम जिल्ला सदरमुकामसम्मको ४२ किलोमिटर मात्र हुने छ । त्यो दूरी एक घण्टाको समयमा ओहोरदोहोर गर्न सकिने स्थानीयवासी बताउँछन् ।

गागनको बाँध भत्किएर अर्को बाटो लिएदेखि नै औरही र बरियारपट्टिलगायतका स्थानीयवासीले समस्याबारे जनप्रतिनिधिदेखि ठूला नेतालाई गुहार्दै आए पनि सुनुवाइ नभएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । औरही गाउँपालिका-५ का दीपक कामतीले भन्नुभयो, "कतिपटक हामीले कि त भत्किएको बाँध पुनःनिर्माण गर कि अर्को बाटो भएर बगेको खोलामाथि पुल निर्माण गर भन्यौं, तर कसैले हाम्रो कुरा सुनेनन् ।"

एकातिर खोलामा एउटा पुल बनाएर समस्या समाधान गर्न सकिन्छ, भने अर्कोतिर भत्किएको खोलाको बाँध पुनःनिर्माण गरेर खोलाको धारलाई पुनः साविककै धारमा फर्काउन सकिने सम्भावना पनि छ उहाँको कथन छ ।

औरही गाउँपालिकाका अध्यक्ष सिद्धार्थ यादवले हुलाकी राजमार्ग भएर बग्ने सबै खोलामाथि पुल र कल्भर्ट निर्माण गर्न एकैपटक लागेको ठेक्कामा पुल पनि परेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "सबैतिरको खोलानालाको पुल र कल्भर्ट बनिसक्यो तर यो खोलाको काम भने शुरु भएको छैन, हुलाकी राजमार्गमा कालोपत्र र पुल तथा कल्भर्ट निर्माण गर्ने जिम्मेवारी हुलाकी सडक डिभिजनले लिएकोले यसबारे जानकारी लिइ पुल निर्माणका लागि पहल गर्छौं ।"रासस

# कोरोनाको प्रभाव न्यून गर्न एसियाली विकास बैंकको ३० अर्ब सहुलियत ऋण

काठमाण्डु। एसियाली विकास बैंकले नेपालको सार्वजनिक स्वास्थ्य प्रणाली थप सुदृढ गर्न र कोरोनाका कारण गरिब वर्गमा पर्ने प्रतिकूल आर्थिक तथा सामाजिक प्रभावलाई न्यून गर्न झण्डै रु ३० अर्ब २५ करोड (२५ करोड अमेरिकी डलर) सहुलियतपूर्ण ऋण स्वीकृत गरेको छ।

बैंकले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार उक्त परिमाणको सहुलियतपूर्ण ऋणले कोरोनाविरुद्ध लड्न थप सहयोग पुग्ने विश्वास गरिएको छ। यस सहुलियतपूर्ण ऋणबाट कोरोनाको महामारीसँग जुध्ने उपायलाई निरन्तरता दिन, गरिब र कमजोर वर्गका लागि सामाजिक संरक्षणका कार्यक्रम विस्तार गर्दै तीव्र आर्थिक सुधारको चरणलाई तय गर्न सहयोग पुग्ने बैंकका अध्यक्ष मात्सुगु असकावाले जानकारी दिनुभयो।

कोरोनाका कारणले हाल सार्वजनिक स्वास्थ्यमा समस्या देखिएको छ। रासस

# मन्त्रीज्यू, बालमैत्री क्वारेन्टाइन केन्द्र हुनुपर्यो'

काठमाण्डु । 'मन्त्रीज्यू, यदि बालबालिकालाई कोभिड-१९ संक्रमण देखियो भने घरपरिवार छोडेर क्वारेन्टाइन केन्द्रमा बस्नुपर्छ, तर त्यो ठाउँ बालबालिकामैत्री छैन, त्यहाँ त्रास र चिन्तापूर्ण अवस्थाबाट गुज्रिनुपर्छ नि' कोरोना संक्रमण दर उच्च देखिएको नेपालगञ्जकी १५ बर्षीया बालिकाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङलाई प्रश्न सोध्नुभयो।

जवाफमा मन्त्री गुरुङले प्रश्नकर्ता बालिकामार्फत् सबैलाई आश्वस्त पार्दै भन्नुभयो, 'क्वारेन्टाइन केन्द्रहरु बालमैत्री बनाउने कार्यलाई प्राथमिकतामा राखिएको छ, केन्द्रमा रहने संक्रमित बालबालिकाको मानसिक स्वास्थ्य र समग्र हितलाई असर नहोस् भनेर प्रयत्न गर्ने सबै बालबालिकाहरुलाई आश्वस्त पार्न चाहन्छु।'

यो सवाल जवाफ सेभ दी चिल्ड्रेनको सहयोगमा सिआईएनले उत्पादन गरेको 'बालबालिकासँग मन्त्री' कार्यक्रममा भएको हो । बालबालिकाका आवश्यकता र चुनौतीहरु सम्बोधनका लागि निर्वाचित जनप्रतिनिधि र नीति निर्माताहरुलाई थप जिम्मेवार बनाउन पैरवी गर्ने उद्देश्यले शुरु भएको बालबालिकासँग मन्त्री कार्यक्रमले यसअघि विभिन्न प्रदेशका सामाजिक विकास मन्त्रीहरुसँग बालबालिकाका सवाललाई जोड्ने प्रयत्न गरेको थियो ।

कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री दल रावललाई विद्यालयमा बनाइएका क्वारेन्टाइन केन्द्रका कारण त्रास बढ्को छ ।रासस

# इन्टरनेटको त कुरा छोडौं : हेलो भन्न त पाउनु पर्‍यो नि !

काठमाण्डु । नेपालको दूरसञ्चार सेवाको विकास, विस्तार र गुणस्तर दक्षिण एशियामै गौरव गर्न लायक भनिरहँदा संसदीय समितिले गुणस्तर र सेवा विस्तारको धिमा गतिप्रति गम्भीर प्रश्न उठाएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणबाट ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित परियोजनाको कार्यप्रगति सुनेपछि सांसद यज्ञ सुनुवारले 'रातको समयमा समीको बोटमुनि बसेर पूर्व फर्केर डायल गरेपछि काठमाण्डुमा ट्वाक्कै फोन लाग्यो' भनेपछि समितिको बैठकमा हाँसो गुञ्जियो ।

**टेलिफोन गर्न राति समीको बोटमुनि पुग्नुपर्छ**

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणका पदाधिकारीलाई टेलिफोन सेवा र गुणस्तरबारे जानकारी गराउँदै उहाँले भन्नुभयो, "तीन चार दिनदेखि ओखलढुङ्गाका विभिन्न गाउँबस्तीबाट काठमाण्डु सम्पर्क गर्न खोजेँ तर टावर आएन, एकजना साथीले चौतारोमा रातको समयमा समीको बोटमुनि गई पूर्वतर्फ फर्केर नम्बर डायल गर्न सल्लाह दिए, त्यही गरेँ काठमाण्डुसँग सम्पर्क भयो ।"

नेपालले छोटो समयमा सूचना प्रविधि र सञ्चारजगत्मा ठूलो प्रगति गरेको उदाहरण प्रस्तुत गर्दै उहाँले पूर्वाधार विकास कार्यक्रमसँग सम्बन्धित मन्त्रालय र निकायबीच समन्वयको अभावले गरेका कामको तारिफ हुने र जस पाउने बेलामा गाली खानुपर्ने अवस्था अन्त्यका लागि समन्वय र सुझबुझका साथ आयोजना अघि बढाउन सुझाव दिनुभयो ।

पहाडी जिल्लामा बनेको सडकलाई अप्टिकल फाइबर बिछ्याउन प्रयोग गरिएको हुँदा समयमै काम सकेर वाहीवाही कमाउनुपर्नेमा वर्षाका बेला त्यस्ता सडक हिलाम्मे भई यातायातका साधन दुर्घटना हुने कारक बनिरहेको उहाँको भनाइ थियो ।

पछिल्लो समय ठेकेदार होस् वा कर्मचारी, दिएको जिम्मेवारीलाई कार्ययोजना बनाई समयमै पूरा गर्नुको साटो अयोग्यतालाई ढाकछोप गर्ने अस्त्रका रूपमा कोभिड-१९ को दृष्टान्त दिने प्रवृत्ति जनप्रतिनिधिका लागि पटक्कै चित्त बुझ्केको छैन ।

दुई वर्षमा पूरा गर्ने अठोटका साथ २०७५ सालमा शिलान्यास गरिएको सूचना महामार्ग र ब्रोडब्याण्ड इन्टरनेटको हालसम्मको समग्र भौतिक प्रगति ११ प्रतिशतमा सीमित रहेको जानकारी प्राप्त गरेपछि सांसद सुनुवारले भन्नुभयो, "सामान्य टेलिफोन लाइनको त यस्तो अवस्था छ, अप्टिकल फाइबरको त कुरै नगरौं । घोषणा गरिएका कार्यक्रम कार्यान्वयन नहुँदा जनतामा निराशा पैदा हुन्छ ।"

> *सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणका पदाधिकारीलाई टेलिफोन सेवा र गुणस्तरबारे जानकारी गराउँदै उहाँले भन्नुभयो, "तीन चार दिनदेखि ओखलढुङ्गाका विभिन्न गाउँबस्तीबाट काठमाण्डु सम्पर्क गर्न खोजेँ तर टावर आएन, एकजना साथीले चौतारोमा रातको समयमा समीको बोटमुनि गई पूर्वतर्फ फर्केर नम्बर डायल गर्न सल्लाह दिए, त्यही गरेँ काठमाण्डुसँग सम्पर्क भयो ।*

हुम्लाबाट सङ्घीय संसद्मा प्रतिनिधित्व गर्नुहुने रङ्गमति शाही लकडाउन चैतदेखि मात्र भएको हुँदा आफ्ना कमजोरीलाई ढाकछोप गर्न जेलाई पनि कोभिड-१९ देखाएर पन्छन पाइँदैन भन्नुभयो ।

प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिको आइतबारको बैठकमा उहाँले भन्नुभयो, "दूरदराजका हुम्ली जनताले अझै टेलिफोनमा हेलो भन्न पाएका छैनन्, हेलो भन्न कहिले पाउँछन् ? कोरोनाले लग्यो (मरियो) भने ठीकै छ, हैन भने हेलो भन्न त पाउनुपऱ्यो नि !"

दूरदराजका गाउँबस्तीका समस्या र आवश्यकता पहिल्याएर योजना बनाएको खण्डमा सजिलै कार्यान्वयन हुने तर्क प्रस्तुत गर्दै सांसद शाहीले भन्नुभयो, "इन्टरनेटको कुरा त परै जाओस्, हुम्लामा छ महिनाअघि बिग्रिएको टावर अझै बन्न सकेको छैन, इन्जिनीयरका भाषा बुझिँदैन, हुम्ली जनतालाई नक्सा देखाएर अलमलमा पार्ने मात्र काम भएको छ ।"

**समन्वय नगर्नेलाई दण्डको भागिदार बनाउनुपर्छ**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नेता एवं सांसद टोपबहादुर रायमाझीले राजनीतिक प्रणाली फेरिए पनि काम गर्ने र योजना बनाउने संस्कार र संस्कृति परम्परागत रहेकै कारण लक्ष्यअनुसारको नतिजा दिन नसकिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "राष्ट्रव्यापीरूपमा अप्टिकल फाइबरको सेवा कसरी पुऱ्याउने हो, यसको गुरुयोजना के हो, कार्यसम्पादन कसरी गर्ने भनेर गहन र विस्तृत छलफल गरिन्न । टापटिपे, फाटफुटे ढङ्गबाट काम गर्छौं, विकास साझेदार निकाय सडक, विद्युत्, खानेपानी, ढल, दूरसञ्चार, वनसँगको समन्वय ठ्याप्पै छैन, स्वदेशमै रोजगार बढाउने, यहाँका उद्योग व्यवसायलाई प्रवर्द्धन गर्नेमा ध्यान पुग्न सकेको छैन । जुन आवश्यक छ ।"

विकास निर्माणसँग सम्बन्धित निकायबीच समन्वय नहुँदा 'लेख्छन्, कोर्छन् विचरा भूपि शेरचन' भनेजस्तै कालोपत्र गर्ने, खाल्टो खन्ने अनि पुर्ने क्रम दोहोरिँदा राष्ट्रको ढुकुटी त्यसै खेर गरिरहेको बताउँदै उहाँले भन्नुभयो, "अब समन्वय गरेर काम नगरिए दण्डनीय बनाउँदै मूल्याङ्कनको पाटो बनाउनुपर्छ । 'बनाएको छ, भत्काएको छ' को प्रवृत्तिलाई हामीले बदल्नु पऱ्यो ।"

**आशालाई निराशामा परिणत गरेको छ**

सिन्धुलीबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नुहुने गणेशकुमार पहाडीले अप्टिकल फाइबर र ब्रोडब्याण्ड विस्तारको कार्यप्रगति ११ प्रतिशत हुनुले आशालाई निराशामा परिणत गरेको टिप्पणी गर्नुभयो ।

"कोभिड-१९ का कारण सबै क्षेत्र धरासायी भए पनि इन्टरनेटको भने धमाधम विस्तार छ, यो क्षेत्रका लागि अहिले ठूलो बजार र अवसर मिलेको छ। मध्यपहाडी र पूर्व-पश्चिम राजमार्गमै पनि कतिपय स्थानमा अझै टेलिफोन टिप्दैन । विस्तारको कार्यप्रगति निराशाजनक छ, अन्तर मन्त्रालय समन्वयम कमजोर छ, यसलाई अहिले नभएर कहिले सच्याउने ? आवश्यकता र औचित्यका आधारमा आयोजना छनोट गरी गुरुयोजना बनाएरमात्र काम शुरु गर्ने प्रवृत्ति विकास गरौं", उहाँले भन्नुभयो ।

राष्ट्रिय जनमोर्चाका सांसद दुर्गा पौडेलले 'सरकारी काम, कहिले जाला घाम' उखानको चरितार्थ ब्रोडब्याण्ड र सूचना महामार्ग निर्माण प्रगतिले देखाएको प्रतिक्रिया दिनुभयो ।

उहाँले भन्नुभयो, "पहिलो प्राथमिकता स्वदेशमै रोजगारी दिने हुनुपर्छ, आयोजना छनोट विधिमा क्रमभङ्गता गर्नेपर्छ ।रासस

# लकडाउनमा दैनिक तस्करी

राजविराज । कोरोना भाइरस नियन्त्रणका लागि लकडाउन भइरहँदा सप्तरीमा अवैध समानको चोरी तस्करी मौलाएको छ । एक सातादेखि दैनिकजसो अवैध सामान बरामद गरिरहेको सप्तरी प्रहरीले मंगलबार पनि साइकल र मोटरसाइकलमा ओसारिरहेको अवस्थामा मदिरा तथा सुर्तीजन्य पदार्थ बरामद गरेको छ।

सप्तरी प्रहरीका अनुसार आज बिहान तिलाठी कोइलाडी गाउँपालिका-६ मधेपुराबाट दुई साइकलमा लेजाँदै गरेको ६० लिटर घरेलु मदिरा बरामद गरिएको छ। प्रहरी चौकी बर्साइन सप्तरीबाट खटिएको टोलीले बरामद गरेको मदिरा नियन्त्रणमा लिई नष्ट गरेको जनाएको छ।

यसैगरी महदेवा गाउँपालिका-१ कजौली टोलबाट प्रहरी चौकी पकरीको गस्ती टोलीले तीनवटा साइकलमा ल्याउँदै गरेको रु ३२ हजार मूल्य बराबरको चार बोरा खैनी बरामद गरेको छ। कञ्चनरुप नगरपालिका-२ बाट इलाका प्रहरी कार्यालय कञ्चनपुरको प्रहरी गस्ती टोलीले २० पोका पायल छाप खैनीसहित स३प ६९६ नंको मोटरसाइकल नियन्त्रणमा लिएको छ । राजविराज नगरपालिका- ९ बाट आज वडा प्रहरी कार्यालय राजविराजको प्रहरी गस्ती टोलीले करिब रु २२ हजार मूल्य बराबरको ४५-४५ प्याकेट राजनिवास र तुलसी नियन्त्रणमा लिएको छ।

विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि सरकारद्वारा जारी गरिएको बन्दाबन्दी कार्यान्वयन गराउने उद्देश्यले प्रहरी गस्ती टोली व्यापकरूपमा परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक तिलक भारतीले बताउनुभयो। प्रहरी गस्ती टोलीको परिचालनका कारण भारतबाट नेपाल र नेपालबाट भारततर्फ ओसारिरहेको अवस्थामा अवैध सामान नियन्त्रणमा लिइएको उहाँले बताउनुभयो।

**ज्येष्ठ नागरिकको हत्याविरुद्ध उजुरी दर्ता**

सप्तरीका महदेवा गाउँपालिका-१ बल्थीका ८० वर्षीय ज्येष्ठ नागरिकको हत्याको आरोपमा आज जिल्ला प्रहरी कार्यालयले उजुरी दर्ता गरेको छ । सुविलाल यादवको हत्या आरोपमा सोही ठाउँका ६० वर्षीय रविलाल यादवविरुद्ध उजुरी दर्ता भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।रासस

प्रदेश सभा

प्रदेश नं.२

सूचनापत्र-४

२०७७ साल जेष्ठ १३ गते

मंगलवार

माननीय प्रदेश प्रमुखबाट नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद) को मिति २०७७।०२।१३ को सिफारिसमा प्रदेश सभाको चालु तेस्रो अधिवेशन सम्वत् २०७७ साल जेष्ठ १३ गते मंगलवार राति १२:०० बजे देखि अन्त्य हुने घोषणा गर्नु भएकोले प्रदेश सभाको चालु तेश्रो अधिवेशन आज मिति २०७७ साल जेष्ठ १३ गते मंगलवार राति १२:०० बजे देखि स्वत: अन्त्य हुने भएको हुँदा मिति २०७६ साल चैत ६ गते बिहिवार अर्को सुचना नभए सम्मको लागि स्थगित भएको प्रदेश सभाको बैठक समेत अन्त्य भएको व्यहोरा प्रदेश सभा कार्य संचालन नियमावली, २०७५ को नियम ३ को उपनियम (३) बमोजिम माननीय सदस्यहरुको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

रंजित कुमार यादव

सचिव



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जिल्लामा सिमित नहोउ

देशमा अहिले संघीयताको अभ्यास भइरहेकोछ ।संघीय सरकारले संघीयतालाई कमजोर बनाउँदै धरापमा पार्न उद्यत छ ।देशको ७ वटा प्रदेश मध्ये ६ वटा प्रदेशमा संघीय सरकार रहेको दलकै सत्ताछ ।संघीयताको अभ्यास प्रदेश २ मा सशक्त रुपमा हुनुपर्ने हो ।तर नेतृत्वको कमजोरी र जिल्लाको संकिर्णता भन्दा माथि उठन नसकेको कारण प्रदेश २ हरेक दृष्टिले हरेक मोर्चामा असफल भइरहेकोछ ।अहिले देशमा कोरोना भाइरसको संक्रमण फैलिन सक्ने चिन्ता व्याप्तछ ।हरेक दिन बढिरहेको संक्रमितको कारण सिंगो मुलुकमा चिन्ता बढनु अस्वभाविक होइन् ।नेपालमा कोरोना भाइरसको संक्रमणलाई नियन्त्रण गर्न अगामी दिनमा अझ समस्या हुने देखिन्छ ।लामो समयदेखि खजारी लकडाउनले मानिसको आर्थिक अवस्था कमजोर भएकोछ ।आर्थिक क्षतिलाई न्युन गर्न मानिसहरु अब समाजिक दुरीको समेत ख्याल गर्न छाडन थालेकाछन् ।यसबाट सर्वाधिक जोखिम प्रदेश २ मा बढाएकोछ ।प्रदेश २ मा आर्थिक अभाव छैन् ।संघीयतालाई सबल र सफल बनाउन प्रदेश २ सरकार मैदानको अग्रभागमा देखिनु पर्ने हो ।तर सरकार एउटा जिल्लामा सिमित भएकोछ ।लकडाउन र समाजिक दुरीको पालना मुख्यमन्त्री लालबाबु राउत स्वयंले गर्दैनन् ।एउटा एम्बुलेन्सको चेक पुर्‍याउन उनी आफै जान थालेका छन् ।नारायणी अस्पतालबाट कोरोना भाइरस संक्रमितको उपचारका लागि खडा गरिएको अस्थायी कोभीड १९ अस्पताल (आइसोलेशन)को सेवा बन्द गरिएकोछ ।तर त्यो अस्पताललाई ५० लाख रुपैया बिरामीको भोजन र औषधोपचारका लागि दिएकोछ ।बीरगञ्ज महानगरका मेयर विजय सरावगीले २५ बेडको निजी अस्पताललाई ७५ बेड बनाएर अपारदर्शी गतिबिधि गरेका छन् ।त्यहाँको सम्पूर्ण खर्च महानगरपालिकाले नेपाल सरकारले निर्धारिण गरे बमोजिम ब्यहोर्ने जनाएकोछ ।मुख्यमन्त्रीले बारा जिल्लाको कलैया अस्पतालालाई कोभीड १९ अस्थायी अस्पताल बनाउन आवश्यक बजेट र पहल समेत गरेको छैन् ।प्रादेशिक अस्पतालको मातहतमा सञ्चालित आइसोलेशनमा खाना र खाजाको दयनिय अवस्था छ ।बीरगञ्जमा एउटा एनजीओले भोजन, नास्ताको प्रबन्ध मिलाएका थिए ।तर प्रादेशिक अस्पतालको अवस्था अत्यन्त दयनिय छ ।प्रदेश सरकारले एउटा क्वारेन्टाइन सञ्चालन गर्न सकेको छैन् ।कोरोना संक्रमित रौतहट जिल्लामापनि कम छैन् ।तर त्यहाँ प्रदेश सरकारले के गरेको छ ?सर्लाही र महोत्तरी जिल्लालाई प्रदेश सरकारले आइसोलेशन, क्वारेन्टाइन, स्वाब संकलनका लागि खासै सहयोग गरेको छैन् ।सर्लाही, महोत्तरी, रौतहट, बारा जिल्लाहरुमा केन्द्रिय स्वास्थ्य प्राविधिकहरुको टोलीले स्वाब संकलन गरिरहेका छन् ।सरकारका बिरुद्धको संघर्षको नेतृत्व नै मन्त्रीले गरिरहेका छन् ।कोरोना भाइरसको संक्रमणबाट प्रदेशवासीलाई जोगाउनु पर्नेमा सरकारको भौतिक पूर्वाधार मन्त्रालयले कार्यकर्ताहरुलाई योजना बाँडदैछन् ।जेठ महिनामा करोडौको उपभोक्ता समिति बनाएर सरकारले ब्रम्हलुट मचाएकोछ ।प्रदेश २ को सरकारले जनविश्वास नै गुमाइसकेको मन्त्रीले नै सार्वजनिक रुपमा अभिव्यक्ति दिन थालेका छन् ।तर सरकार चेतेको छैन् ।

# साहित्यमा सर्लाहीका महिला हस्ताक्षर



सञ्जय मित्र

**क. विषय प्रवेश**

अंग्रेजीमा प्रोभिन्स नं. टू भनेर गुगल सर्च गरेपछि हाम्रो प्रदेशको बारेमा केही आधारभूत जानकारी पाइन्छ । ती जानकारीमध्ये यहाँ भाषालाई मात्र सरोकारको सन्दर्भमा लिइएको छ । सन् २०११ को जनगणनालाई उद्धृत गर्दै यस प्रदेशमा मैथिली ४५.३० प्रतिशत, भोजपुरी १८.५८ प्रतिशत, बज्जिका १४.६५ प्रतिशत, नेपाली ६.६७ प्रतिशत, उर्दू ५.८७ प्रतिशत, थारु ३.७७ प्रतिशत, मगही ०.५७ प्रतिशत, हिन्दी ०.१६ प्रतिशत र अन्य भाषाहरु ४.४४ प्रतिशत रहेको भन्ने तथ्यांक पाइन्छ । यस तथ्यांकमा उल्लेख भएका करिब सबै भाषाभाषीको तथ्यांकप्रति खासै प्रतिक्रिया रहँदेन, बरु असन्तुष्टि रहन्छ । अधिकांश भाषाभाषीले यस तथ्यांकभन्दा बढी आफ्नो भाषाभाषी रहेको बताउने गरेका छन् ।

थोरबहुत हरेक भाषाको साहित्यले विकास गर्ने मौका पाएको छ । यद्यपि यस प्रदेशमा सबैभन्दा बढी लेखिने र सबैभन्दा बढी पढिने भनेकै नेपाली साहित्य हो । विद्यालय तहमा औपचारिक भाषाको रुपमा नेपाली रहेको, सरकारी कामकाजको भाषा पनि नेपाली भएको, सञ्चारमाध्यममा पनि नेपाली नै प्रमुख भाषा रहेको तथा सम्पर्कको भाषा पनि नेपाली भएकोले यस भाषामा सबैले सहजताको अनुभूति गर्दछन् । यसकारण अन्यान्य भाषामा कलम चलाउने गरेका मानिसले पनि नेपाली साहित्यमा कलम चलाइरहेका हुन्छन् । आफ्नो मातृभाषाको सेवा गर्नेले पनि नेपालीको सेवा गरेका हुन्छन् । यसैले नेपाली भाषामा कृति प्रकाशन हुनु स्वाभाविक हो । तर यसभन्दा पनि मुख्य कुरो के हो भने अन्य भाषाभाषीभन्दा नेपाली मातृभाषीको भाषा र साहित्यको क्षेत्रमा अत्यधिक सकारात्मक सक्रियता रहेको छ । यसले गर्दा हरेक जिल्लामा वर्षेनी नेपाली साहित्यका कृतिहरु प्रकाशन भएको पाइन्छ । यसै क्रममा सर्लाहीबाट पनि एउटा कृति प्रकाशन भएको छ - सर्लाहीका महिला हस्ताक्षर ।

प्रदेशका आठ जिल्लामध्ये भूगोलको दृष्टिले सबैभन्दा ठूलो जिल्ला सप्तरी हो भने जनसंख्याको दृष्टिकोणले सबैभन्दा ठूलो जिल्ला सर्लाही हो । सर्लाहीका महिला हस्ताक्षर प्रकाशन गर्ने संस्था हो - सर्लाही साहित्य समाज लालबन्दी । जनसंख्यालाई आधार मान्ने हो भने प्रदेशका बीस ठूला सहरमध्ये लालबन्दी एघारौँ स्थानमा आउँछ ।

**ख. सर्लाहीका महिला हस्ताक्षर**

सर्लाही साहित्य समाज लालबन्दीद्वारा २०७६ जेठमा प्रकाशित सर्लाहीका महिला हस्ताक्षरलाई सर्लाहीको काव्य इतिहासमा महिला हस्ताक्षरहरूको एउटा नवीनतम् काव्यकृति भनिएको छ । परिचित कवि तथा समालोचक सुमन घिमिरेद्वारा सम्पादित सर्लाहीका महिला हस्ताक्षर कविता संग्रह आफैमा उपलब्धिपूर्ण कृति हो । यस कृतिले सर्लाहीमा महिला साहित्यकारहरु सक्रिय छन् र सर्लाहीका सक्रिय महिला साहित्यकारहरुको प्रतिनिधि कविताको रूपमा यो कृति रहेको अनुमान लगाउन सकिन्छ । यद्यपि यस कृतिमा सर्लाहीका प्रतिनिधि महिला कवि वा कविता भनिएको छैन ।

यसपूर्व सर्लाहीका महिलाको संयुक्त काव्यकृति वा केही महिलाहरुको कविताहरुको संकलन प्रकाशन भए नभएको विषयतिर काव्यले प्रकाश नपारेको सन्दर्भमा यस कृतिलाई सर्लाहीका महिला हस्ताक्षरको पहिलो प्रयास पनि भनेको पाइएको छैन । साथै यसप्रकारको कामको निरन्तरता हो भन्नेसम्म पनि संकेत नगरिएकोले यस कृतिलाई सर्लाही साहित्य समाज लालबन्दीले एउटा विशिष्ट कामलाई पनि सामान्य काम मानेको देखिन्छ ।

वर्णानुक्रमानुसार कविता दिइएको यस कृतिमा अमला अधिकारीका तीनवटा सामान्य गजल छन् । अधिकारी जानकीनगरकी हुनुहुन्छ । यसपछि लालबन्दीकी अम्बिका पौडेलका चारवटा कविता दिइएका छन् । विविध विषयमा आफ्ना अभिव्यक्तिलाई पौडेलले सहजतापूर्वक प्रस्तुत गर्नुभएको छ । यसपछि एकै पृष्ठमा दिव्या मैनालीका चारवटा मुक्तक प्रस्तुत गरिएका छन् । मुक्तीय धर्म निर्वाह गरिएको रचनामा फरक फरक विषयवस्तु दिइएका छन् । यस कृतिमा एकजनाको मुक्तक मात्र छ । एउटा मुक्तक यस्तो छ :

*लाग्न त माया लागिरहन्छ नि एउटा कारण छ*
*नभनी गएकी छे यसो भनी एउटा कारण छ*
*समाजले स्वीकार्दैन अन्तरजातीय माया हाम्रो*
*किन बुझ्दैनौ तिमी पनि एउटा कारण छ ।*

देवका अधिकारी फुर्याँलका पाँचवटा कविता कृतिमा परेका छन् । लालबन्दी ९ की फुर्याँलका कविताहरु फरक फरक विषयवस्तुका छन् । लालबन्दी १६ परवानीपुरकी निर्मला भण्डारीका दुई कविता प्रकाशित छन् । लघुआयामका दुवै कवितामा कविताका धेरै गुण समेटिएका छन् । झ्याउरे गीत शीर्षकको कविताबाट एक टुक्रा -

*उकालो र ओरालो छ जिन्दगीको बाटो*
*पहाड पर्वत भए पनि प्यारो यही माटो ।*

मीना देवकोटाका कविताहरु पनि स्तरीय छन् । देवकोटाका पाँच कविता राखिएका छन् । कविताको विषयवस्तुमा वैविध्य छ । कलात्मकता र सहजता देवकोटाका कविताका सम्पत्ति हुन् । कविताको परिवेश बनाउन र बिम्बात्मक बनाउन कवि सफल देखिनु हुन्छ । सपनाको जिन्दगी शीर्षक कवितामा कवयित्री देवकोटा लेख्नुहुन्छ -

*भिजिलान्ते छिछिमिराका प्वाँख बनेर*
*मान्छेका आकांक्षाहरू सलबलाएको*
*यो परिवेश,*
*आज उल्टै पुतली बनेर*
*बत्तीरुपि उज्यालोतर्फ हाम फाल्दा*
*झ्याप्प बत्ती र जिन्दगी*
*एकैसाथ निभाउने खतरा म देखिरहेकी छु ।*

लालबन्दीकी रञ्जना घिसिङका चारवटा कविता छन् । कवितामा विभिन्न विषयवस्तुलाई प्रस्तुत गरिएका छन् । सरलताभित्र प्रवाहमयपूर्ण कविताहरू बोधगम्य छन् । लालबन्दीकी कवयित्री रमा न्यौपानेका दुई कविता समेटिएका छन् यस संग्रहमा । दुवै कविता पढ्नयोग्य छन् । रमा पौडेल पत्थरकोटेका दुई कविताहरु वर्ण्य विषयवस्तुका दृष्टिले सामान्य भए पनि प्रस्तुतिमा भने नवीनता छ । पत्थरकोटे आफ्नो मेरो पनि मुटु दुख्छ कवितामा भन्नुहुन्छ -

*तिमीलाई आफ्नै विवेक गुमाउँदा*
*पुरुष हुनुको पौरुषत्व दुख्छ*
*मलाई तिमीसँगको साथीत्वमा*
*हरेक उपहासको प्राप्तिमा दुख्छ ।*

लालबन्दी ९ की राजेश्वरी काफ्लेका छवटा कविताहरू परिस्कएका छन् । संख्याका दृष्टिसे सम्भवतः सबैभन्दा बढी संख्यामा काफ्लेकै कविता परेका छन् संग्रहमा । मध्यम आयामका कविताहरू स्तरीय पनि छन् । संग्रहका प्रतिनिधिहरू कवितामध्ये काफ्लेका कविता पनि रहेका छन् । एउटा कविताको छोटो अंश यस्तो रहेको छ -

*सुधा र सन्ध्या दुई नेत्र मेरा*
*छन् काखमा यी अति नै पियारा*
*उठाउँछु छाती महाँ लगाई*
*त्यो स्वर्गको सुख यहीं छ मलाई ।*

कृतिमा समेटिएका कवयित्रीहरुको संख्याको दृष्टिकोणले कृतिको मध्यमा एघारौं स्थानमा राधा पौडेलको एक कविता राखिएको छ । सवाई शीर्षकमा दिइएको कविताले एकातिर सवाईको छनक दिन्छ भने अर्कोतिर कविताको स्वाद पनि दिन्छ । यो स्तरीय रचना हो । लालबन्दी ७ की राधिका लुइँटेल काफ्लेको पनि एउटै कविता राखिएको छ । तर लालबन्दी ७ कै रीता कोइरालाका उच्च मध्यमस्तरका तीन कविता प्रस्तुत गरिएका छन् । यसै गरी वीणा ढकालको एउटै कविता संग्रहमा परेको छ । दाइँजो शीर्षकको यस गेयात्मक कवितामा कवयित्री ढकाल भन्नुहुन्छ -

*बुट्टे सारी गाउनको अति असल चौबन्दी चोलो र फेर*
*मुगा, मोती, चुरा, टीका र गहना नाना रकमका अनेक*
*लाई नाची र खेली हिंड्ने म उनै छोरी हुँ नेपालकी*
*मेरो बाल्य छटा देखेर खुसी भई दाइँजोमा पाएकी ।*

विन्दु रामदाम इच्छुकका चार गजल यस कृतिमा राखिएका छन् । यसपछि लालबन्दी ७ की विमला बुढाथोकीका कविताहरू प्रस्तुत गरिएका छन् । बुढाथोकीका दुवै कविता राम्रा छन् । सविता खड्काका दुई कविताले पनि स्थान पाएका छन् । सारिका काफ्लेको पनि एउटा कविता कृतिमा परेको छ । लालबन्दी ८ की सुमित्रा आचार्यका तीनवटै कविता स्तरीय छन् । कविताले कवित्वधर्म निर्वाह गरेका छन् । चन्द्रनगर २ बबरगञ्जकी सुशीला सिंहको एउटा कविताभन्दा पहिले सुशीला पौडेलका दुई गजल राखिएका छन् । एउटा गजलको आरम्भिका यस्तो छ -

***यो मदिरा यो पानी कति रहस्यमय***
***यो रूप यो जवानी कति रहस्यमय ।***

यसरी सर्लाहीका महिला हस्ताक्षर संयुक्त कविता कृतिमा सर्लाहीका एक्काइस स्रष्टाका कविता, गजल र मुक्तक समेटिएका छन् । विभिन्न विषयवस्तु र प्रस्तुति शैलीका कविताहरूले एकातिर सर्लाहीका महिला हस्ताक्षरको परिचय बोकेका छन् भने अर्कोतिर सर्लाहीमा काव्य क्षेत्रमा महिलाको उपस्थितिलाई प्रतिनिधित्व गरेका छन् ।

**र अन्त्यमा,**

केही रचनाकारका ठेगाना खुलाइएको छैन । ठेगाना स्पष्ट भएकामध्ये अधिकांश लालबन्दीकै सर्जकहरू कृतिमा रहेका छन् । यसबाट यो पनि सिद्ध हुन्छ कि सर्लाहीमा साहित्यको क्षेत्रमा सक्रिय महिला हस्ताक्षरहरू करिब लालबन्दीमै रहेका छन् । अर्थात् यस कृतिको आधारमा सर्लाहीका महिला हस्ताक्षर भन्नाले लालबन्दीका महिला हस्ताक्षर भनेर बुझ्दा पनि हुने देखिन्छ । यद्यपि कृतिको प्रकाशन हुनुपूर्व सर्लाहीका महिला हस्ताक्षरसम्म यस कृतिको प्रकाशनको बारेमा सूचना पुगेको हुनुपर्छ ।

कृतिमा आएको हस्ताक्षरहरूको मुखाकृति राखेको भए अझ राम्रो हुने थियो । केही रचनाकारको ठेगाना पनि राखिएको रहेनछ, हुन सक्छ रचनाकारले रोकेका होलान् । महिला हस्ताक्षरहरुको छोटकरीमा परिचय नदिँदा कृतिमा केही उदासीपना पनि देखिएको छ । कम्तीमा इमेल ठेगाना वा पत्राचार ठेगाना वा कुनै विद्युतीय ठेगाना भएको भए अझ राम्रो हुने थियो । सर्लाहीका महिला हस्ताक्षरको इतिहासको पक्षमाथि पनि थोरबहुत प्रकाश पार्ने काम यसमा भएको भए सुनमा सुगन्ध थपिने थियो । आगामी दिनमा यस प्रकारको विशिष्ट काम गर्दा सर्लाही साहित्य समाजले यस कार्यलाई अझ विशिष्ट बनाउने प्रयास गर्ने कुरामा विश्वास गर्न सकिन्छ । यद्यपि सुझाव दिन सजिलो र सुझावलाई व्यवहारमा आफैँले उतार्न गाह्रो हुन्छ भन्ने कुरो सबैले बुझेकै छन् र मैले पनि राम्ररी बुझेको छु ।

देश संघीयतामा गइसकेपछि सम्वतः सर्लाहीले जिल्लागत रूपमा नारी सर्जकका काव्यरचनालाई समेटेर निकालेको पहिलो कार्य हुनुपर्छ यो कार्य । सर्लाहीका महिला हस्ताक्षर आफैँमा एउटा विशिष्ट कार्य हो । हुन त यो सर्लाही साहित्यको महिला काव्य हस्ताक्षर हो । यस प्रकाशनले अन्य जिल्लालाई पनि यस प्रकारका विशिष्ट काम गर्न घच्घच्याएको छ । सर्लाही साहित्य समाज लालबन्दीमार्फत कवि तथा समालोचक सुमन घिमिरेको यस सुकार्यलाई सर्लाहीको साहित्येतिहासमा नयाँ आयाम थपेको घामझैँ छर्लङ्ग छ ।

> **कृतिमा आएको हस्ताक्षरहरूको मुखाकृति राखेको भए अझ राम्रो हुने थियो । केही रचनाकारको ठेगाना पनि राखिएको रहेनछ, हुन सक्छ रचनाकारले रोकेका होलान् । महिला हस्ताक्षरहरुको छोटकरीमा परिचय नदिंदा कृतिमा केही उदासीपना पनि देखिएको छ । कम्तीमा इमेल ठेगाना वा पत्राचार ठेगाना वा कुनै विद्युतीय ठेगाना भएको भए अझ राम्रो हुने थियो ।**

# कोरोना भाइरस संक्रमितका घर सिल हुँदा

बीबीसी

आफूकहाँ बस्ने एकजना प्रहरी अधिकारीलाई कोरोनाभाइरसको सङ्क्रमण पुष्टि भएपछि 'सील' गरिएको काठमाण्डूस्थित एक घरका व्यक्तिले सुरुमा अत्यास लागेपनि अहिले आफूले अवस्थालाई सामान्य रूपमा लिएको बताएका छन्।

अघिल्लो हप्ता काठमाण्डूको कालीमाटी प्रहरी वृत्तमा कार्यरत एक प्रहरी सहायक निरीक्षक (असई)मा कोरोनाभाइरसको सङ्क्रमण देखा परेपछि उनी डेरा गरी बसिरहेको सहित वरपरका ३ वटा घरलाई गएको बुधवारबाटै 'सील' गरिएको थियो । १८ वटा परिवारका ५६ जना बसिरहेको उक्त क्षेत्रमा रहेकाहरूलाई घरबाहिर समेत निस्कन नदिइकन राखिएको ६ दिनपछि मात्रै सोमवार स्वास्थ्य अधिकारीहरू नमुना सङ्कलनका लागि पुगेका थिए।

स्वास्थ्य मन्त्रालयले कोरोनाभाइरसको सङ्क्रमण देखिएका व्यक्तिसँग सम्पर्कमा आएका व्यक्तिको को(को सँग सम्पर्क रह्यो भनेर पत्ता लगाउने प्रक्रिया 'कन्ट्याक्ट ट्रेसिङ' तत्काले गरिने गरिएको बताउने गरेको छ।

'कन्ट्याक्ट ट्रेसिङ' भनिने प्रकियालाई प्राथमिकतामा राखिएको बताउने गरेको सरकारले काठमाण्डू महानगरपालिका वडा नम्बर दशमा 'सील' गरेर राखिएका तीनवटा घरका व्यक्तिहरूको परीक्षण सोमवार गरेको हो।

सङ्क्रमित व्यक्ति बस्दै आएको घरका घरधनी रामकृष्ण सेढाईं भन्छन्, "घर सील गरिएको अवस्थामा बस्नुपर्दा सुरुमा निकै अत्यास लाग्यो। तर कोरोनाभाइरसको महामारी यहाँ मात्रै होइन संसारभरि देखिएको हो भनेर मन बुझाइयो।"

उनले गएको मङ्गलवार साँझ आफ्नो घरमा डेरा गरी बस्ने व्यक्तिलाई सङ्क्रमण देखिएपछि बुधवार प्रहरीले घरमा ताला लगाएर बस्नु भनेको सुनाए।त्यसपछि त्यहाँ प्रहरी खटाइएको थियो र जनप्रतिनिधि सहितको समन्वयमा सोमवार 'कन्टयाक्ट ट्रेसिङ' विधि अनुसार परीक्षण अघि बढाइएको हो।

घरधनी सेढाईं भन्छन्, "सङ्क्रमण भए नभएको राम्रोसँग पत्ता लगाउन पाँच दिनपछि परीक्षण गर्दा उपयुक्त हुन्छ भन्ने सुझाव प्रहरीबाट आएको थियो। त्यसबाहेक स्रोत साधनको अभाव रह्यो होला जस्तो पनि लाग्यो। त्यही भएर हामीले यसमा अन्यथा लिएका छैनौं।"



उनले आफूले फोन गरेर दूध, तरकारी जस्ता अत्यावश्यक उपभोग्य सामानहरू मगाउने गरेको अनुभव सुनाए।

"घर सील भएको दिन एकदमै डर लाग्यो। आफन्तहरूसँग फोनमा कुरा गर्न पनि मन लागेन। अहिले त संसारभरि नै यस्तै हो भन्ने सोचाइ आउँछ। अरूहरूले पनि हामी छौं केही भयो भने भन्नुस् भन्नुहुन्छ, खुसी पनि लाग्छ।" उनले मनोवैज्ञानिक प्रभाव परेको भन्दै दैनिक रूपमा आफूले छिमेकीहरूका हालखबर सोधिरहेको बताए।

उक्त 'सील' गरिएको क्षेत्रका वडा सदस्य नरोज अर्यालका अनुसार सोमवार ४० जनामा पीसीआर विधि अनुसार परीक्षण गरिएको छ भने १० जनामा आरडीटी विधि अनुसार जाँच गरिएको छ।५६ जनामध्ये ५३ मात्रै उपस्थित भएको र बाँकी नाबालक भएकाले सुरुमा अभिभावकको जाँचको परिणाम पर्खने सहमति भएको उनले बताए।

त्यहाँ महानगरपालिकाले 'सील' गरिएका परिवारलाई खाद्यान्न सहित राहत वितरणमा सहयोग गरेको बताए।उनले शंका लागेका व्यक्तिका जैविक नमुना 'स्वाब' सङ्कलन गर्न आउने स्वास्थ्य मन्त्रालयको टोलीसँग पनि आफूहरूले समन्वय गरेको जानकारी दिए।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डाक्टर विकास देवकोटाका अनुसार सङ्क्रमित व्यक्तिको उठबस रहेको क्षेत्र 'सील' गर्ने काम गृहमन्त्रालय र प्रहरी प्रशासनले गर्ने गरेको छ।

उनका अनुसार, "कुनै व्यक्तिमा सङ्क्रमण भेटिएको २४ देखि ४८ घण्टाभित्र उसको सम्पर्कमा आएका व्यक्तिहरूको पनि परीक्षणहरू गराउनुपर्छ भनेर हामीले भनेका छौं।"

गएको माघमा कोरोनाभाइरस सङ्क्रमणको पहिलो घटना पुष्टि भएयता सङ्क्रमितसँग सम्पर्क कायम भएको हुनसक्ने आशङ्कामा 'सील' गरिएका स्थान वा घरहरूको एकीकृत तथ्याङ्क नराखिएको गृहमन्त्रालयले जनाएको छ।

गृहमन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा स्थानीय तह सम्मिलित जिल्लास्तरमै रहेका कोभिड १९ व्यवस्थापन निकायलाई त्यस्तो अधिकार दिइएको बीबीसीलाई बताए।

महानगरीय प्रहरी कार्यालय काठमाण्डूका प्रवक्ता एसएसपी सुशीलकुमार यादवका अनुसार काठमाण्डूमा हालसम्म १७ वटा क्षेत्र 'सील' गरिएकोमा ६ वटा अझै खुल्न बाँकी छ।

# लकडाउनको समय सदुपयोग नगर्दा गुमेको अवसर



डा ऋषिकेश रिजाल

सन् २०१९ को डिसेम्बरमा चीनको वुहानबाट सुरू भएको नोबेल कोरोना भाइरस (कोभिड १९) हाल विश्वका अधिकांश देशमा महामारीको रुपमा फैलिएको छ। नेपाल लगायत संसारभरि नै हरेक दिन संक्रमित र ज्यान गुमाउनेको संख्या बढ्ने क्रम जारी छ।

नेपालमा पनि संक्रमितको संख्या बढ्दै जाने निश्चितप्रायः छ। तर यो भाइरससँग लड्न आवश्यक तयारी, तदारुकता, कार्ययोजना तर्जुमा लगायतका विषयमा हामी धेरै कमजोर र निरीह देखिएका छौं।

रोग पत्ता लगाउन गर्नुपर्ने पिसिआर जाँच तथा संक्रमित भएमा उपचार व्यवस्थापनका लागि आवश्यक आइसोलेसन वार्ड, छुट्टै अस्पताल, उपलब्ध जनशक्ति, स्रोत र साधन एवं हाम्रो स्वास्थ्य सेवाको अवस्था जस्ता विषय उदांगो भएको छ भने संसारमै हाम्रो स्वास्थ्य क्षेत्र सबैभन्दा कमजोर र अस्तव्यस्त भएको प्रष्ट भएको छ।

यसका बाबजुद दुई महिनादेखि जारी लकडाउनले हामीलाई स्वास्थ्य क्षेत्र सुधार, सेवा प्रवाह गर्न नीतिगत तहदेखि स्थानीय तहसम्म गर्नुपर्ने कार्यका लागि यथेष्ट समय र अवसर प्रदान गरे पनि त्यसलाई सही उपयोह गर्न असफल भएका छौं।

हाम्रो जस्तो हरेक वर्ष झाडापखला, डेंगु, मलेरिया, कालाजार लगायतका अन्य सरूवा रोगको प्रकोप व्यहोरिरहने र स्वास्थ्य उपचार प्रदान गर्न आवश्यकभन्दा कम जनशक्ति भएको मुलुकले सुरूमै जुन चुस्तता, सुझबुझ र तदारुकताका साथ जनशक्ति परिचालन गर्नुपर्ने थियो त्यहींदेखि नै हामी चुक्यौं। लकडाऊन लागू भएपश्चात सामान्य अवस्थाभन्दा बिरामीको चाप अस्पतालमा एक तिहाइभन्दा कममा घटेको बेला त्यति बिरामीलाई सेवा दिन सामान्य बेलाभन्दा दुई तिहाइ कम स्वास्थ्यकर्मी नै पर्याप्ति हुने थियो। त्यसका लागि स्वास्थ्यकर्मीलाई प्रकोप व्यवस्थापन, व्यक्तिगत र सामाजिक सुरक्षा, सेवा प्रदान लगायतका यावत कुराहरूको कार्ययोजना बनाई तालिम दिएर संक्रमणकालीन अवस्थाका लागि तयारी गर्नुपर्ने थियो।

त्यस्तै अहिले नेपाल लगायत अन्य मुलुकमा अध्ययन सकेर लाइसेन्स लिइसकेका र लिन तयार करिब दुई हजार चिकित्सक, एमडी तयारी गर्दै गरेका दुई हजारभन्दा धेरै गरी करिब चार हजार दक्ष र तालिमप्राप्त चिकित्सक उपलब्ध छन्। तर दुर्भाग्य, सम्बन्धित निकायको सुस्तता, योजनाविहीन अवस्था, स्वास्थ्यकर्मीप्रति आममानिसको नकारात्मक धारणा, तिनले गर्ने व्यवहार, वृत्तिविकास एवं काम गर्न सहजीकरणको कमी, अत्यन्त सामान्य र न्यूनतम सुरक्षाको अभाव लगायतका कारण सेवा गर्न मन भएर पनि वन्चित युवापुस्ता मुकदर्शक भएर बस्न बाध्य छ।

यस महामारीसँग लड्न स्वास्थ्यकर्मी बाहेकको विकल्प नरहेको कुरा आत्मसात गर्दै संसारका अति विकसित देशहरूले अन्य मुलुकबाट स्वास्थ्यकर्मी भित्र्याउन कानुन र व्यवस्था सहजीकरण गरिरहेको अवस्थामा हामी आफैसँग उपलब्ध जनशक्ति प्रयोग गर्न नसकी घरमै हात बाँधेर बसिरहेका छौं।

अझ दयनीय त अस्पतालको अवस्था र व्यवस्थापनमा देखियो। हामीसँग देशभर करिब दुई हजार भेन्टिलेटर, थोरै मात्रामा आइसियु, अहिले जाँचको लागि हरेक प्रदेशमा एकरएकका दरले पिसिआर जाँच गर्न सक्ने अवस्था र अझ पोजेटिभ आए टेकुकै भर पर्नुपर्ने अवस्थाका कारण परीक्षणको दायरा अत्यन्त कमजोर छ र यसले रोग कम्युनिटी स्प्रिड भइसकेको समयमा ठूलो र अत्यन्त दुखद दुर्घटना निम्ताउने सम्भावना बढेको छ। यसलाई न्यूनीकरण गर्न सरकारले सबै मेडिकल कलेज, क्षेत्रीय अस्पतालहरूमा अनिवार्य रूपमा पिसिआर केन्द्र संचालन गर्न निर्देशन तथा केन्द्र स्थापना गर्न आवश्यक साधनको आयात, कानुनी प्रक्रिया लागायतका कुरा सहजीकरण गर्न ज़रूरी थियो।

त्यस्तै बिरामी उपचारका लागि छुट्टै अस्पतालसँगै आवश्यक भेन्टिलेटर, मनिटर, पिपिई, मास्क, स्यानिटाइजर लगायतका अत्यावश्यक सामानको स्थानीय उत्पादनका लागि आवश्यक अध्ययन, सामान र स्रोतको व्यवस्था गर्न सकेको भए केही समयमा हामी यस क्षेत्रमा आत्मनिर्भर बन्न सक्ने र अरूको भर पर्नुपर्ने अवस्थाको अन्त्य हुने सम्भावना हुन्थ्यो।

अर्कोतर्फ निजी अस्पतालमा उपलब्ध स्रोत, साधन र जनशक्ति महामारी नियन्त्रणमा कसरी परिचालन गर्ने भन्ने विषयमा सरकारी अन्योल र समन्वयको कमी देखियो। निजी क्षेत्रको हामी सेवा दिन तयार छौं तर सरकारले आवश्यक पहल नगरेको भन्दै जिम्मेवारी बहन गर्न नचाहने मानसिकता र पानीमाथिको ओभानो बन्ने प्रवृत्ति प्रष्ट भएको छ।

यी सबै कुराहरूले प्रष्ट्याएको चाहिँ, भाग्यबस संक्रमितको संख्या कम हुनु, संक्रमितमै जटिल लक्षण नहुनुले नेपालमा अहिलेसम्म ठूलो दुर्घटना टरेको छ। तर संक्रमण बढ्दै जाने र जटिल लक्षण देखिएमा भयावह अवस्था सिर्जना हुने छ र त्यसबेला हामी केही गर्न नसक्ने, सहयोगविहीन र बिजोग अवस्थामा हुने छौं।

लकडाउनले हामीलाई पूर्वतयारी गर्न प्रदान गरेको यथेष्ट समय शक्तिकेन्द्रमा देखिएको रस्साकस्सी, संवेदनशीलताको कमी, आफू मात्रै जान्ने छु भन्ने हठ, विज्ञहरूको कुरा नसुन्ने, सल्लाह दिनेलाई उपहास गर्ने, भ्रष्टाचारमा लिप्त लगाएतका कुराहरूले खेर गएको छ।

# 'जाजरकोट घटनाको छानविन गर्न पाँच सदस्यीय समिति गठन'

काठमाण्डु । सरकारले जाजरकोट घटनाको छानविनका लागि पाँच सदस्यीय छानविन समिति गठन गरेको छ । राष्ट्रियसभाको मंगलबारको बैठकमा गृहमन्त्री रामबहादुर थापाले जाजरकोट र रुकुम पश्चिमबीचका केही युवाका बीचमा विवाहको विषयलाई लिएर भएको घटनाका सम्बन्धमा छानविनका लागि गृहमन्त्रालयका सहसचिवको संयोजकत्वमा प्रहरी वरिष्ठ उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अधिकृत, महान्यायाधिवक्ताको कार्यालयका अधिकृत र गृह मन्त्रालयका उपसचिव सदस्य रहने गरी समिति गठन गरिएको जानकारी दिनुभयो ।



समितिलाई एक महिनाभित्र प्रतिवेदन पेश गर्न अख्तियारी दिइएको छ । यही जेठ १० गते रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ बस्ने वीरबहादुर मल्लकी छोरी १७ वर्षीया सुष्मालाई भगाई ल्याउनका लागि जाजरकोट भेरी नगरपालिका-४ का मोहन विकका छोरा २१ वर्षीय नवराजसहितको १९ जनाको समूह स्थानीय सोती पुगेको अवस्थामा झगडा भएको थियो ।

मन्त्री थापाका अनुसार युवतीलाई भगाई लाने क्रममा केटी पक्ष र केटा पक्षका आफन्तबीच झैझगडा हुँदा केटी पक्षकाले केटा पक्षलाई भेरी नदीतर्फ लखेटेका थिए । जाजरकोट भेरी नगरपालिका-४ बस्ने केटा पक्षका २१ वर्षीय सुदीप खड्का सामान्य घाइते भएको र केटा पक्षके पाँचजनालाई अस्थायी प्रहरी पोष्ट रावतगाउँ र सातजनालाई इलाका प्रहरी कार्यालय चौरजहारीबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको मन्त्री थापाले जानकारी दिनुभयो ।

हालसम्म फेला परेका शव परीक्षणका लागि जाजरकोट अस्पतालमा राखिएको छ । मन्त्री थापाका अनुसार मृतक नवराज विकको शव जेठ १० गते जाजरकोटको भेरी नगरपालिका-४ स्थित भेरी नदीको बीचभागमा फेला परेको, रुकुम पश्चिम चौरजहारी-१ का लामिछाने बस्ने २० वर्षीय टीकाराम सुनारको शव जेठ ११ गते फेला परेको र जाजरकोट भेरी नगरपालिका-४ का १७ वर्षीय गणेश बुढाको शव फेला परेको छ ।

हालसम्म फेला नपरेकाको खोजी कार्य जारी रहेको छ । मन्त्री थापाका अनुसार भेरी नपा-११ का लोकेन्द्र सुनार, गोविन्द शाही र सञ्जु विकको खोजी कार्य जारी रहेको छ । बेपत्ताको खोजीका लागि आवश्यकतानुसार गोताखोरसमेत परिचालन गरिने उहाँको भनाइ छ । नवराज विकसहितको समूहमा गएको रुकुम पश्चिम चौरजहारी नगरपालिका-१ का गोपाल बुढाथोकीबीच बाटोबाटै फर्केको, घाइते सुदिप खड्काको मिसन अस्पताल चौरजहारीमा उपचार गरी 'डिस्चार्ज' भइसकेको गृहमन्त्रीले जानकारी दिनुभयो । केटा पक्षको सम्पर्कमा आएका सबै १२ जनालाई इलाका प्रहरी कार्यालय चौरजहारीबाट जिल्ला प्रहरी कार्यालय जाजरकोटमा बुझाई सामान्य सोधपुछपछि आफन्तको जिम्मा लगाइएको मन्त्री थापाले बताउनुभयो ।

उहाँका अनुसार युवतीका बुवा वीरबहादुर मल्ल, आमा प्रकाशी मल्ल र स्वयं युवती सुष्मा, वडाध्यक्ष डम्बर मल्ल, प्रत्यक्ष घटनामा संलग्न भनिएका सन्तोष मल्ल, मोहन पुन मगर, रमेश मल्लासहित १२ जनालाई प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ । सामाजिक सद्भाव, जातीय सद्भाव कायम राख्न, शान्ति सुरक्षाको अवस्थालाई मजबुत बनाइराख्न जिल्ला प्रशासन कार्यालय जाजरकोट र रुकुम पश्चिमबाट समन्वयात्मक ढङ्गले काम भइरहेको गृहमन्त्रीले जानकारी दिनुभयो ।

**कानूनी राज्य स्थापना गर्न प्रतिबद्ध : गृहमन्त्री**

गृहमन्त्री थापाको जानकारीमाथि चित्त नबुझेको भन्दै सांसदहरू अनिता देवकोटा, चक्रप्रसाद स्नेही, रामबहादुर कुँवर, प्रकाश पन्त, नरपति लुहार, विमला राई, भैरवसुन्दर श्रेष्ठलगायतले घटनाको छानविन गरी दोषीमाथि कडा कारवाही गर्न माग गर्नुभएको थियो ।

जफावमा गृहमन्त्री थापाले सरकार मुलुकमा कानूनी राज्य स्थापना गर्न प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले स्थानीयस्तरमा गैरसरकारी तहबाट बनाइएको भनिएको छानविन समितिको कुनै अर्थ नभएको स्पष्ट पार्दै सरकारले सत्यतथ्य पत्ता लगाई दोषीमाथि कारवाही गर्न कुनै कसर बाँकी नराख्ने बताउनुभयो ।

**दोषीमाथि कारवाही गर्न सांसदको माग**

बैठकको शून्य समयमा सांसदहरूले जातीय विभेद उन्मूलन भइरहेको अवस्थामा दलित युवामाथि भएको ज्यादतिको छानविन गर्न र दोषीलाई कारवाही गर्न माग गर्नुभएको थियो । उहाँहरूले संविधानले जातीय विभेद अन्त्य गरिसकेको अवस्थामा अहिले पनि दलितमाथि दुर्व्यवहार हुनु दुःखद भएको र दलितमाथि दुर्व्यवहार गर्नेलाई कानूनअनुसार कारवाही गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

सांसद रामलखन चमारले जाजरकोटमा दलित भएको निहुँमा भएको कुटपटिपछि हत्या गरिएको घटनामा संलग्न सबैलाई कारवाहीको दायरामा ल्याउनुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद विमला राई पौडेलले जाजरकोटको समूहिक हत्याकण्डको भर्त्सना गर्दै सरकारले घटनाको उचित छानविन गर्ने विश्वास गर्नुभयो ।

सांसद सिंहबहादुर विकले छूवाछूतमुक्त घोषणा भइसकेको अवस्थामा दलितमाथि हुने दुर्व्यवहार अन्त्य गर्न गृह मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो । सांसद सुमित्रा विसीले २१औँ शताब्दीमा पनि दलितमाथि हुने दुर्व्यवहार र हत्याको घटनाले स्तब्ध भएको उल्लेख गर्दै जाजरकोट घटनाको छानविन गर्न माग गर्नुभयो ।रासस

# घटनाका दोषीलाई कानूनी दायरामा ल्याउन आग्रह

काठमाण्डु । राष्ट्रिय मानव अधिकार आयोगले अन्तरजातीय विवाहको विषयलाई लिएर यही जेठ १० गते रुकुम पश्चिममा भएको अमानवीय आपराधिक घटनाका दोषीलाई कानूनी दायरामा ल्याएर कारवाही गर्न आग्रह गरेको छ ।

आयोगले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा अन्तरजातीय विवाहको विषयलाई लिएर भएको अमानवीय घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै सूक्ष्म र निष्पक्ष छानविन तथा अनुसन्धान गरी घटनामा संलग्न प्रत्येकलाई कानूनी दायरामा ल्याई कारवाही गर्न सरकारलाई आग्रह गरेको हो ।

जातीय विभेदको पराकाष्ठाका रूपमा देखिएको उक्त घटनामा नवराज विश्वकर्मा, टीकाराम सुनार, गणेश बुढाको हत्या तथा अन्य तीन जनाको स्थिति अज्ञात रहेकोप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ ।

देशका विभिन्न जिल्लामा विगत केही समययता बढ्दै गएको जातीय विभेदको घटनाप्रति शून्यसहनशीलता कायम गरी सबै घटनाको सूक्ष्म र निष्पक्ष अनुसन्धान गरी शीघ्र कानूनी कारवाही गर्न तथा घटनामा जीवन गुमाउनेका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउनसमेत आयोगले सरकारको ध्यानाकर्षण गराएको छ ।

समाजमा जातीय विभेदको स्थितिलाई निर्मूल पार्न व्यवस्था गरिएको नेपालको संविधानले छूवाछूत तथा भेदभावविरुद्धको हक, सम्मानपूर्वक बाँच्न पाउने हक, जातीय तथा अन्य सामाजिक छूवाछूत तथा भेदभाव, नेपालपक्ष भएको सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि विपरीत भएको आयोगले जनाएको छ ।

घटनाका सम्बन्धमा प्रभावकारी अनुसन्धानका लागि आयोगको कर्णाली प्रदेश शाखा कार्यालय, जुम्लाबाट स्थानीय प्रहरी र प्रशासनलाई आवश्यक पत्राचार हुनाका साथै जिल्लास्थित मानव अधिकार अवस्था अनुगमन समितिबाट अनुगमन भइरहेको छ ।रासस

# नीति अनुसन्धान प्रतिष्ठान विधेयक पारित

काठमाण्डु । राष्ट्रियसभाबाट ' नीति अनुसन्धान प्रतिष्ठान विधेयक,



२०७६' पारित भएको छ ।

राष्ट्रियसभाको मंगलबारको बैठकबाट सर्वसम्मतिले उक्त विधेयक पारित गरेको हो । बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा शिवमाया तुम्बाहाङ्फेले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव गर्नुभएको थियो ।

**दुई विधेयक पेश**

बैठकमा 'स्टाण्डर्ड नापतौल (पाँचौँ संशोधन) विधेयक, २०७६' र 'प्रत्यायन (एक्रिडिटेशन) विधेयक, २०७६' पेश भएको छ । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले ती दुई विधेयक पेश गर्नुभएको हो ।

त्यसैगरी बैठकले 'बीउबिजन (दोस्रो संशोधन) विधेयक, २०७५' र 'बिरुवा संरक्षण (दोस्रो संशोधन) विधेयक, २०७५' लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाएको छ । सो विधेयक कृषि तथा पशुपक्षी विकासमन्त्री घनश्याम भुसालले प्रस्तुत गर्नुभएको थियो ।रासस

# प्रधानमन्त्रीद्वारा सर्वदलीय बैठक आह्वान

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार सर्वदलीय बैठक बोलाउनुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा साँझ ५:०० बजे बैठक बोलाउनुभएको उहाँका प्रेस सल्लाहकार सूर्य थापाले जानकारी दिनुभयो । प्रधानमन्त्री ओलीले संविधान संशोधनलगायत विषयवस्तुमाथि छलफल गर्न बैठक आयोजना गर्नुभएको हो । उहाँले बैठकमा संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका शीर्ष नेतालाई बोलाउनुभएको छ ।रासस

# शोक प्रस्ताव पारित

काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकले पूर्वसांसद दुर्योधनसिंह चौधरीको निधनप्रति शोक प्रस्ताव पारित गरेको छ । बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले पेश गर्नुभएको शोक प्रस्ताव सर्वसम्मतिबाट पारित भएको हो ।

विसं २०४८, २०५१ र २०५६ को प्रतिनिधिसभा निर्वाचनमा रुपन्देही क्षेत्र नं १ बाट नेपाली काँग्रेसको तर्फबाट निर्वाचित सिंहको ७० वर्षको उमेरमा यही जेठ ९ गते निधन भएको थियो । उहाँको बुटवलस्थित गौतमबुद्ध मुदु अस्पतालमा उपचारका क्रममा निधन भएको थियो । रासस

# संशोधनविना एमसिसी पास नगर्न साझाको माग

काठमाण्डु । साझा पार्टीले मिलेनियम च्यालेञ्ज कर्पोरेशन( एमसिसी) सम्झौता संशोधनविना संसद्बाट पास नगर्न सरकारको ध्यानाकर्षण गरेको छ ।

साझा पार्टीका प्रवक्ता डा सूर्यराज आचार्यले मंगलबार विज्ञप्ति जारी गरी सम्झौताका कतिपय बुँदा नेपालको राष्ट्रिय स्वाभिमान र हित विपरीत रहेको जनाउँदै संशोधनविना संसदबाट पास गर्नु उपयुक्त नहुने बताउनुभएको छ ।

डा आचार्यले एमसिसी सम्झौता नेपालको कानूनभन्दा माथि भएको, नेपाल सरकारको समेत रु लगानी रहने आयोजनाको लेखापरीक्षणमा महालेखा परीक्षणको संलग्नता नहुने, नेपालभित्रै निर्माण हुने प्रसारण लाइनका लागि तेस्रो मुलुक भारतको स्वीकृत लिनुपर्ने भएको जनाउँदै यसबाट समस्या आउनसक्ने औँल्याउनुभएको छ ।

उहाँले एमसिसीमार्फत सम्पन्न गरिने आयोजनामा रोजगारीका लागि नागरिकताको कुनै बन्देज नहुने र सम्झौताको केही दफा आयोजना सम्पन्न भइसकेपछि पनि क्रियाशील रहने जनाउँदै यसलाई विवेकपूर्ण ढङ्गले अध्ययन गरेर मात्र अगाडि बढ्न सुझाव दिनुभएको छ ।रासस

# पत्रकारिता क्षेत्रलाई सुरक्षित गर्न सभापति देउवाको माग

काठमाण्डु । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले कोरोनाको जोखिमका बेला देशभरका पत्रकारका लागि स्वास्थ सुरक्षा सामग्री उपलब्ध गराउनु सरकारको कर्तव्य भएको बताउनुभएको छ । नेपाल प्रेस युनियनको २९ औँ वार्षिकोत्सवका अवसरमा मंगलबार जुम प्रविधिमार्फत आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले देशभरका पत्रकारको निःशुल्क कोरोना परीक्षण गरेर पत्रकारिता क्षेत्रलाई सुरक्षित गर्न सरकारसँग माग गर्नुभयो ।

उहाँले यसबीचमा धेरै श्रमजीवी बेरोजगार भएको, विज्ञापन व्यवसायमा असर पर्दा सञ्चारगृह संकटमा परेको तथा दैनिक र साप्ताहिक पत्रिका बन्द भएको बताउँदै पत्रकारिता क्षेत्रले भोगेको यो चुनौती सामना गर्नका लागि व्यवस्थित राहत प्याकेज ल्याउन सरकारसँग माग गर्नुभयो । "सञ्चारमाध्यमले औँल्याएका गल्ती सच्याउँदै अघि बढ्न प्रधानमन्त्रीले जरुरी छ", पूर्वप्रधानमन्त्री देउवाले भन्नुभयो ।

उहाँले देशभरका क्वारेन्टिनलाई व्यवस्थित बनाउने, पर्याप्त स्वास्थ सामग्री व्यवस्था गर्ने, अत्यावश्यक राहतको उचित व्यवस्थापन गर्ने र विदेशमा अप्ठ्यारामा परेका नेपालीलाई उद्धार गर्ने विषयमा मिडियाले अझै खरो ढंगले आवाज उठाउन जरुरी रहेकामा जोड दिनुभयो । उहाँले निडर भएर आफ्नो कलम चलाउन सञ्चारकर्मीलाई आग्रह पनि गर्नुभयो । कार्यक्रममा सभापति देउवाले प्रेस युनियन सुनसरीको डिजिटल क्यालेण्डर विमोचन गर्नुभएको थियो ।रासस

# प्रदेश नं १ को बजेट अधिवेशन आजदेखि

विराटनगर । प्रदेश नं १ को बजेट अधिवेशन बुधबारदेखि शुरु हुने भएको छ । अपराह्न २ बजेदेखि प्रारम्भ हुने अधिवेशनलाई व्यवस्थित बनाउन प्रदेशसभा सदस्यलाई दुई ठाउँमा बस्ने व्यवस्था मिलाएको प्रदेशसभा सचिव गोपालप्रसाद पराजुलीले जानकारी दिनुभयो ।

जिल्ला समन्वय समितिको कार्यालयमा सञ्चालन भइरहेको प्रदेशसभाको अधिवेशन विगतमा तल्लो तलाको सभामा सञ्चालन भइरहेको थियो भने कोरोना भाइरसका कारण र सामाजिक दूरी कायम गर्नुपर्ने भएकाले सोही भवनको माथिल्लो तलामा पनि सदस्यलाई बस्ने व्यवस्था मिलाएको र अधिवेशन सञ्चालन हुनुअगाडि नै सबै सभामुख, उपसभामुख, प्रदेशसभा सदस्य, सुरक्षाकर्मी, कर्मचारी र समाचार सङ्कलनमा सहभागी हुने सञ्चारकर्मीको स्वाब सङ्कलन भइसकेको सचिव पराजुलीले जानकारी दिनुभयो ।रासस

# सङ्घीय संसद्को लोगोमा राखियो अद्यावधिक नक्सा

काठमाण्डु । सरकारले नेपालको सम्पूर्ण भूभाग समेटिएको राजनीतिक तथा प्रशासनिक नक्सा सार्वजनिक गरेसँगै सङ्घीय संसद्को प्रतीक चिह्न (लोगो) परिवर्तन गरिएको छ ।

लिम्पियाधुरा, लिपुलेक र कालापानीको भूभाग समेटिएको नक्सासहितको लोगो परिवर्तन गरिएको हो । सङ्घीय संसद्का दुवै सदनको कार्यव्यवस्था परामर्श समितिको केही दिनअघिको बैठकले सङ्घीय संसद्को लोगो र सांसदले प्रयोग गर्ने लोगोमा नेपालको अद्यावधिक नक्सा राख्ने निर्णय गरेको थियो ।

सरकारले यही जेठ ७ गते भारतले अतिक्रमण गरेको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समेटेर नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा सार्वजनिक गरेको थियो । नयाँ नक्सा सार्वजनिक भएसँगै सरकारले संविधानको अनूसूची-३ मा रहेको नेपालको निसान छाप परिवर्तन गर्ने संविधान संशोधन प्रस्ताव संसद्मा दर्ता गरिसकेको छ ।रासस


**Province Government**

**Province No. 2**

**Ministry of social Development**

**Provincial Hospital**

**Jankpurdham, Dhanusha**

**Sealed Quatation**

**Date of Publication: 27thMay 2020 (2077/02/14)**

1. Provincial Government has allocated funds towards the cost of projects mentions below and intends to apply part of the funds to cover eligible payments under the contracts. Bidding is open to all eligible bidders.
2. **Provincial Hospital, Dhanusha** invites bids from Nepalese eligible bidders for the construction of different works mentioned below under Sealed Quatation procedures.
3. Eligible Bidders may obtain further information at **Provincial Hospital, Dhanusha.** Phone No: 9854023183 and email address:hospitaljanakpurzonal@gmail.com,OR may visit PPMO's web site http://www.bolpatra.gov.np/egp.
4. Bidders may download the bidding documents for e-submission from PPMO's web site http://www.bolpatra.gov.np/egp.

   Bidders submitting their bid electronically should deposit the cost of bidding document **NRs. 1000.00** in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding documents in Bank:**

   **Name of Bank :** Rastriya Banijjya Bank, Janakpurdham Branch, Dhanusha.

   **Name of Office:** Janakpur Anchal Aspatal Bikas Samiti, Dhanusha.

   **Office Code No.:** 3500017022

   **Account No.:** KA.1.1.001

   **Rajaswa (Revenue) shirshak no. :**-14229 (ra.shi.no.)
5. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by minimum bid security, amount listed below, which shall be valid for 30 days beyond bid validity period . The bid security issued by Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Lawbe accepted. Bidders may deposite Bid security amount in cash on deposit account No.Pra.Kha.2-1220502000000 of Rastriya Banijya Bank Ltd. Janakpurdham Branch in the name of **Provincial Treasury and Controller Office, Janakpurdham , Dhanusha.**
6. Bidders may submit their bid electronically only to the Provincial Hospital, Dhanusha through E-procurement section of PPMO's web site http://www.bolpatra.gov.np/egp as specified in the Instruction to Bidders on or before **12:00 noon11th June 2020 (2077/02/29)**. Documents received after this deadline will not be accepted.
7. Bids will be opened in the presence of Bidders representatives who choose to attend at **14:00 hrs on 11th June 2020 (2077/02/29)** at **Provincial Hospital, Dhanusha.**
8. If the last date of purchasing, submission ,opening and pre-bid meeting falls on a government holiday then the next working day shall be considered as the last day. In such case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to Contract award, without thereby incurring any liability to Bidders.
10. The name and identification of the contract is as follows:

| Contract Identification No. | Description of work | Bid Security Amount (NRs.) | Estimated Amount (NRs.) excluding VAT | Remarks |
|---|---|---|---|---|
| PH/SQ/076/077/12 | Generator Room Construction work | 52,000.00 | 17,27,734.49 | |

**Deputy Chief Medical Superintendent**

# भारतमा संक्रमितको संख्या १ लाख ४५ हजार नाघ्यो

एएफपी

नयाँ दिल्ली । भारतमा मङ्गलबारसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख ४५ हजार ३८० पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

मङ्गलबार बिहान जारी तथ्याङ्कअनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ४ हजार १६७ जना पुगेको छ। यस संत्रमणबाट निको भएका बिरामीको संख्या ६० हजार ४९० जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। हाल भारतमा ८० हजार ७२२ जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन्। यहाँमात्र ५२ हजार ६६७ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् । महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ । त्यहाँ १७ हजार ८२ जनामा कोरोना भाइरसको संत्रमण रहेका छन्। गुजरातमा १४ हजार ४६० संत्रमति रहेका छन् । दिल्लीमा १४ हजार ७३



जना कोरोना संक्रमित रहेका छन्।

भारतमा दुई महिना यतादेखि कोरोना भाइरस संत्रमण फैलिने डरले लकडाउन जारी रहेको छ। कोरोना भाइरसको संत्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रुपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ। कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको हो।

भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ। भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो। दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो। तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो।

भारतले सरकारले गत मे ४ देखि लागू हुने गरी मे १७ सम्म थप दुइ साताको गरिएको तेस्रो चरणको लकडाउन समाप्त भएपछि चौथो चरणको लकडाउन शुरु भएको थियो।

विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमित को संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको हो। भारतमा विगत केही दिनयता संत्रमणको बृद्धिदर उच्च देखिएको छ। यद्यपी अघिल्ला चरणका लकडाउनको तुलनामा चौथो चरण हालको लकडाउन केही खुकुलो गरिएको छ।

# सङ्क्रमितको सङ्ख्या ५५ लाख ३० हजार

एएफपी

पेरिस । विश्वव्यापी महामारीकोकारकबनेकोकोभिड-१९ बाट विश्वभर सङ्क्रमितको सङ्ख्या ५५ लाख ३० हजार ८२ पुगेको छ। डिसेम्बरदेखि सोमबार साँझसम्ममा निको हुनेको सङ्ख्या विश्वभर २३ लाख १८ हजार ७०० पुगेको सम्बन्धित देशका सरकार र स्वास्थ्यमन्त्रालयका अधिकारीहरूले एएफपीलाई उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ।

अहिलेसम्म विश्वभर तीनलाख ४७ हजार १७६ व्यक्तिको मृत्यु भएको छ भने विगत २४ घण्टामा विश्वभर ७४२ व्यक्तिको मृत्यु भएको छ।

सङ्क्रमितमध्ये सबैभन्दा धेरै अमेरिकामा १६ लाख ८८ हजार ७०९ रहेका छन् भने ब्राजिलमा तीन लाख ६५ हजार २१३, रूसमा तीन लाख ५३ हजार ४२७, स्पेनमा दुई लाख ८२ हजार ८५२, बेलायतमा दुई लाख ५९ हजार ५५९ र इटलीमा दुई लाख २९ हजार ८५८ सङ्क्रमित रहेका छन्।

सङ्क्रमणका कारण अमेरिकामा मृत्यु हुनेको सङ्ख्या ९९ हजार ३४८ रहेको छ । त्यसैगरी बेलायतमा ३६ हजार ७९३, इटलीमा ३२ हजार ७८५, स्पेनमा २८ हजार ७५२, फ्रान्समा २८ हजार ३६७ र ब्राजिलमा २२ हजार ७४६ सङ्क्रमितको मृत्यु भएको छ।

सङ्क्रमित धेरै भएर पनि कम मृत्यु भएका देशहरूमा रूस अग्रस्थानमा रहेको छ भने जर्मनी, टर्की, भारत, इरान र पेरू रहेका छन्। यी मुलुकबाहेकका देशमा सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा कम रहेको छ।

एशियामा टर्की, भारत, इरानमा एक लाखभन्दा बढी सङ्क्रमित भएका मुलुकहरू हुन्।

# ब्राजिलमा २३ हजारको मृत्यु

एएफपी

ब्रासिलिया। ब्राजिलमा बितेको २४ घण्टाभित्र ११ हजारभन्दा बढी नयाँ कोरोनाभाइरसबाट संक्रमित व्यक्ति फेला परेका छन्। योसहित ब्राजिलमा कूल संक्रमितको संख्या तीन लाख ७४ हजार ८९८ पुगेको छ।

ब्राजिलको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ८०७ जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ।

यो सहित ब्राजिलमा कोरोनाभाइरसबाट संत्रमण भएर मृत्यु हुनेको संख्या २३ हजार ४७३ पुगेको छ।

दक्षिण अमेरिकी मुलुकहरुमध्ये ब्राजिलमा सबैभन्दा बढी मानिसको संत्रमणबाट निधन भइसकेको छ।

विश्वमै संयुक्तराज्य अमेरिकापछि कोरोनाभाइरसबाट सबाधिक प्रभावित दोस्रो मुलुक ब्राजिल हो। अमेरिकामा कूल संक्रमितको संख्या १७ लाख नाघिसकेको छ।

# सरकारले लकडाउनको पालना गराउन नसकेको राहुल गान्धीको आरोप

एएफपी

नयाँ दिल्ली । भारतीय काँग्रेसका नेता राहुल गान्धीले भारत सरकारले लकडाउनलाई राम्ररी पालना गराउन नसकेको आरोप लगाउनुभएको छ। उहाँले बारम्बार सत्तारुढ दल भारतीय जनता पार्टीलाई आलोचना गर्दै आउनुभएको छ।

यसैक्रममा मङ्गलबार पनि उहाँले सरकारले लागू गरेको लकडाउनको राम्रोसँग पालना गराउन नसकेको आरोप लगाउनुभएको हो। मंगलबार सम्वाददाताहरुसँग गरेको अन्तरत्रियाका त्रममा उहाँले सो आरोप लगाउनुभएको हो । उहाँले भारतमा ठूलो संख्यामा कोरोनाका संक्रमितहरु दिन प्रतिदिन बढ्दै गएको र त्यसमा सरकारको काम प्रभावकारी हुन नसकेको पनि बताउनुभयो।



उहाँले भन्नुभएको थियो - यो लकडाउन किन र केका लागि गरिएको हो भन्ने उद्देश्य पनि प्राप्त हुन सकेको छैन, दिन प्रतिदिन विरामीहरु बढ्दै छन् र यो सबै सरकारले घोषणा गरेको लकडाउनको नीति बमोजिम काम हुन नसकेर हो । उहाँले भारतले चार चरणको लकडाउन पनि पार गरेको र यो अवधिमा खासै उपलब्धि हुन नसकेको भन्दै अब सरकारले अघि सार्ने रणनीति के हो भन्ने कुरा भारतीय जनताले जान्न चाहेका छन् भन्नुभयो।

पहिले प्रधानमन्त्रीले चार चरणको लकडाउनबाट सबै ठीक हुन्छ भनेको भए पनि अहिले भारतमा सोचेभन्दा पनि बढीको दरमा कोरोनाका संक्रमितहरु बढिरहेकोले अब सरकारले के नीति बनाउँछ भन्ने बारेमा हेर्न भारतीय जनता आतुर रहेको बताउनुभयो।

# पाकिस्तानमा पनि बढ्दै कोरोना भाइरसका संक्रमित

एएफपी

इस्लामावाद । पाकिस्तानमा कोरोनाभाइरस संक्रमितको



संख्या बढ्दै गएको छ । प्राप्त समाचारअनुसार पाकिस्तानमा संक्रमितको संख्या ५७ हजार ७०५ पुगेको सोमबार पाकिस्तानी अधिकारीले बताएका छन्। विगत २४ घण्टामा पाकिस्तानमा १ हजार ३६५ संक्रमित थपिएका बताइएको छ। पाकिस्तानमा संक्रमित मध्येका १ हजार १९७ व्यक्तिको अहिलेसम्म मृत्यु भएको पनि अधिकारीहरले जानकारी दिएका छन्। पाकिस्तानमा सोमबार मात्र ३० जना संक्रमितको ज्यान गएको छ।

पाकिस्तानी समाचार संस्था जिओ न्यूजले सबैभन्दा बढी प्रभावित पाकिस्तानको सिन्ध राज्यमा रहेको बताएको छ। त्यसपछि कोरोना भाइरस संक्रमित राज्यमा पञ्जाव, खैबर पाख्तुनख्वा,बालोचिस्तान, गिलगित बाल्टिस्तान, इस्लामावाद र पाकिस्तान प्रशासित काश्मिरमा रहेका छन्।

संक्रमितहरुमध्ये १८ हजार ३१४ जना व्यक्ति उपचारपछि निको भएर घर फर्किएका पनि प्राप्त समाचारमा जनाइएको छ।

# केरलामा एसएसएलसी परीक्षा सुरु

एएफपी

त्रिवन्त्रुम। भारतको केरलामा विद्यालयस्तरको अन्तिम परीक्षा एसएसएलसी (सेकेन्डरी स्कूल लेवल सर्टिफिकेट) को परीक्षा मङ्गलबारदेखि शुरु भएको छ।

त्यसैगरी यहाँको उच्च माध्यमिक तहको अर्को परीक्षा भिएचएसइ (भोकेसनल हाइयर सेकेन्डरी एजुकेसन) तहको परीक्षा पनि मङ्गलबारबाट सुरु भएको जनाइएको छ। भारतमा कोरोना भाइरसका संक्रमितहरु दिन प्रतिदिन बढ्दो अवस्थामा देखिन्छन्।

यसका कारण गएको दुई महिना भन्दा लामो समयदेखि त्यहाँ देशभरि नै लकडाउन गरिएको छ। हाल पनि यहाँ लकडाउन कायमै रहेको छ। तर पनि यो संत्रमणबाट बच्ने विभिन्न उपायहरु अवलम्बन गरेर परीक्षा सुरु गरिएको बताइएको छ। केरला राज्यका सबै विद्यालयहरुका विद्यार्थीहरु आज सो परीक्षामा सहभागी भएका बताइएको छ।

कोरोना भाइरसको महामारीबाट बाँच्ने विभिन्न विधिहरु अपनाएर सो परीक्षा सुरु गरिएको बताइएको छ। बताइएअनुसार यहाँका विद्यार्थीलाई सामाजिक दुरी कायम गर्ने तथा अन्य स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर परीक्षा दिन लगाइएको छ।

उनीहरुलाई परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि पनि स्वास्थ्य जाँच गरिएको छ। उनीहरुको सामान्य तापत्रम जाँच गरेर परीक्षा केन्द्रमा प्रवेश दिइएको बताइएको छ।

# कोरोनाभाइरस महामारीबीच सातामा चार दिन काम गर्ने बहस चर्चामा

एएफपी

वासिङ्टन । अमेरिकी धेरैजसो कम्पनीहरूले काम गर्न पाउने यस पहिलेको साप्ताहिक कार्यत्रमलाई हप्तामा चार दिन काम गर्न पाउने गरी तयारी गरेको बताइएको छ।

कोभिड-१९ को महामारीसँगै सर्बप्रथम न्युजील्याण्डकी प्रधानमन्त्री जासिन्दा अर्डनले अघि सारेको विचारलाई कार्यान्वियन गरेपछि कर्मचारीको उत्पादकत्वका साथै जीवनको गुणस्तरमा वृद्धि हुने अमेरिकालगायत अन्य केही देशहरूमा रहेका व्यवसायिक फर्म तथा कम्पनीले सोच बनाएको पाइन्छ।

गत हप्ता एक फेसबुक भिडियोमा न्यूजिल्याण्डकी प्रधानमन्त्री अर्डनले घरेलु पर्यटनलाई प्रोत्साहित गर्न सिर्जनात्मक तरिका खोजिरहेको बताउनुभएको थियो। यो बहसले पछिल्लो सातासम्म आइपुदा अमेरिकालगायत विश्वका अन्य मुलुकहरूमा पनि स्थान लिएको द वाशिङ्गटन पोस्टले जनाएको छ।

उहाँले भन्नुभयो, “मैले सुनेकी छु कि धेरै व्यक्तिले हामीले सातामा चार दिन काम गरी स्वास्थ्य सङ्कटका कारण कमजोर बनेको विश्व अर्थतन्त्रलाई उकास्नुपर्छ भनेका छन्। यसका लागि रोजगारदाता र रोजगार व्यक्ति (श्रमिक) बीच सल्लाह गरी अघि बढ्नुपर्छ।”

“मैले साँच्चै उद्योगी तथा व्यवसायी तथा त्यसमा आश्रित व्यक्तिहरूले साप्ताहिकरूपमा काम गर्ने समयलाई चार दिन बनाउने सम्बन्धमा फरकफरक सुझाब दिएका तर अधिकांशको राय काम गर्ने समयलाई घटाउने र बेरोजगार बनेका धेरै व्यक्तिलाई कामको अवसर दिने रहेको छ,” उहाँले भन्नुभयो।

अस्ट्रेलिया, क्यानडा,



जापान, दक्षिण कोरिया, बेलायत, संयुक्त राज्य अमेरिका र स्कान्डिनेभियाली देशहरूमा नीति परिवर्तन किन गर्ने भन्ने बिषयमा बहस चलेको बताइएको छ।

“यो सामाजिक लोकतान्त्रिक गतिविधिको पक्षपोषण गर्नेमुलुकहरूमा मात्र होइन अन्य मुलुकहरू जहाँ धेरै काम गर्नुलाई सामान्य मानिथ्यो, ले पनि बहस चलाएका छन्," 'सर्टरः वर्क वेटर, स्मार्टर एण्ड लेस' का लेखक एलेक्स सजिङ-किम पाङले वासिङ्टन पोष्टमा उल्लेख गर्नुभएको छ।

फिनल्याण्डका प्रधानमन्त्रीले यस उपायलाई सकारात्मक भन्दै देशमा प्रचारमा ल्याउनुभएको छ । बेलायतको लेबर पार्टीले पनि न्यूजिल्याण्डकी प्रधानमन्त्री अर्डनको विचारप्रति समर्थन जनाउँदै अभियानकै रूपमा बहस चलाएको छ । जापानमा माइत्रोसफ्ट कम्पनी, अमेरिकामा शेक श्याकले पनि 'सर्टरः वर्क वेटर, स्मार्टर एण्ड लेस' लाई सकारात्मक बताएका छन्।

गत वर्ष गरिएको बेलायती एक अध्ययनले भने नेतृत्व सम्हालेका ६४ प्रतिशत अर्थविद् तथा व्यवसायीहरूले कर्मचारीको उत्पादनमा वृद्धि गर्ने बताएका थिए भने ७७ प्रतिशत कर्मचारीले यसले गुणस्तरीय जीवनसँग जोडेका देखाएको छ । सोही अध्ययनले रोजगारीका प्रमुख सीमाहरूमा कर्मचारीतन्त्रबाट समस्या आउने देखाएको थियो।

महामारी पहिले बेलायतस्थित एक अनुसन्धाता करेन जाँसैं सन् २०३० पहिले साप्ताहिक कार्यभारलाई चार दिनमा झार्ने बिषय सम्भव नभएको बताउनुभएको थियो। सबै कामदारमा एकरूप हुनेगरी अघि बढाउन अहिलेको अवस्थामा यो व्यवस्था कठिन भएको धारणा राख्नुभएको थियो।

**Province Government**

**Province No. 2**

**Ministry of social Development**

**Provincial Hospital**

**Jankpurdham, Dhanusha**

**Re-Invitation for Bids**

**Second Date of Publication: 27thMay 2020 (2077/02/14)**

1. Provincial Government has allocated funds towards the cost of projects mentions below and intends to apply part of the funds to cover eligible payments under the contracts. Bidding is open to all eligible bidders.
2. **Provincial Hospital, Dhanusha** invites bids from Nepalese eligible bidders for the construction of different works mentioned below under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information at **Provincial Hospital, Dhanusha.** Phone No: 9854023183 and email address: hospitaljanakpurzonal@gmail.com,OR may visit PPMO's web site http://www.bolpatra.gov.np/egp.
4. Bidders may download the bidding documents for e-submission from PPMO's web site http://www.bolpatra.gov.np/egp.
   Bidders submitting their bid electronically should deposit the cost of bidding document **NRs. 3000.00** in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding documents in Bank:**
   **Name of Bank :** Rastriya Banijya Bank, Janakpurdham Branch, Dhanusha.
   **Name of Office:** Janakpur Anchal Aspatal Bikas Samiti, Dhanusha.
   **Office Code No.:** 3500017022
   **Account No.:** KA.1.1.001
   **Rajaswa (Revenue) shirshak no. :**-14229 (ra.shi.no.)
5. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by minimum bid security, amount listed below, which shall be valid for 30 days beyond bid validity period . The bid security issued by Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Lawbe accepted. Bidders may deposite Bid security amount in cash on deposit account No.Pra.Kha.2-1220502000000 of Rastriya Banijya Bank Ltd. Janakpurdham Branch in the name of **Provincial Treasury and Controller Office, Janakpurdham , Dhanusha.**
6. Bidders may submit their bid electronically only to the **Provincial Hospital, Dhanusha** through E-procurement section of PPMO's web site http://www.bolpatra.gov.np/egp as specified in the Instruction to Bidders on or before **12:00 noon11thJune 2020 (2077/02/29)**. Documents received after this deadline will not be accepted.
7. Bids will be opened in the presence of Bidders representatives who choose to attend at **14:00 hrs on 11th June 2020 (2077/02/29)** at **Provincial Hospital, Dhanusha.**
8. If the last date of purchasing, submission ,opening and pre-bid meeting falls on a government holiday then the next working day shall be considered as the last day. In such case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to Contract award, without thereby incurring any liability to Bidders.
10. The name and identification of the contract is as follows:

| Contract Identification No. | Description of work | Bid Security Amount (NRs.) | Estimated Amount (NRs.) excluding VAT | Remarks |
|---|---|---|---|---|
| PH/NCB/076/077/7 | Wating Room and Help Desk Construction work | 96,000.00 | 31,96,443.33 | |

**Deputy Chief Medical Superintendent**

# कृषि क्षेत्रको विकासमा विशेष जोड



हेटौँडा । वाग्मती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७७/७८ का लागि मंगलबार प्रदेशको नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ। प्रदेश प्रमुख विष्णुप्रसाद प्रसाईंले प्रदेशसभासमक्ष नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो।

प्रदेश सरकार गठनपछिको तेस्रो नीति तथा कार्यक्रममा सरकारले कृषि उत्पादनलाई जोड दिएको देखिन्छ । नीति तथा कार्यक्रमअनुसार सरकारले प्रदेशका नागरिकको खाद्य सुरक्षाको ग्यारेन्टी गर्न 'कोही भोकै पर्दैन, भोकले कोही मर्दैन' भन्ने अभियानलाई निरन्तरता दिने भएको छ।

सरकारले अघिल्लो वर्ष नै प्रतिबद्धता जनाएको उक्त अभियानलाई मूर्तरूप दिन सबै तहका सरकारसँग समन्वय र सहकार्य गर्ने भएको छ । नीति तथा कार्यक्रममा बहुआयामिक कृषि उत्पादनमा जोड दिइने तथा हरेक स्थानीय तहलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउँदै प्रदेशलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाइने कार्यक्रम अघि सारिएको छ।

कृषिमा बीउबिजनको अभाव हुन नदिन 'कृषि बीउबिजन बैंक स्थापना गरिने, कोभिड-१९ को महामारीका कारण प्रभावित हुनसक्ने कृषि क्षेत्र तथा बेरोजगारी समस्या समाधानका लागि कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन गरिने भएको छ । सङ्घीय सरकारसँगको सहकार्यमा चक्लाबन्दी र एकीकृत खेती कार्यक्रम ल्याइने भएको छ।

विभिन्न उत्पादनको विशिष्टीकृत उत्पादन क्षेत्र निर्माण गरिने कार्यक्रममा अघि सारिएको छ । 'बाँझो जमीनको प्रयोग, उत्पादनमा सहयोग' भन्ने लक्ष्यका साथ स्थानीय तहसँग सहकार्य गरी बाँझो जमीनलाई उत्पादनयोग्य बनाउन विशेष प्रोत्साहन कार्यक्रम ल्याइने भएको छ।

त्यस्तै स्थानीय तहमार्फत लगत सङ्कलन गरी भूमि बैंकको स्थापना गरिने भएको छ । उत्पादनमा आधारित दूध र दुग्धजन्य पदार्थ उत्पादन गर्ने किसानलाई प्रोत्साहनस्वरुप प्रतिलिटर रु एकका दरले अनुदान दिन प्रदेशका १६७ वटा सहकारीसँग सम्झौता भएको र उक्त कार्यलाई योगदानमा आधारित कार्यक्रम बनाई निरन्तरता दिइने नीति तथा कार्यक्रममा उल्लेख छ।

प्रस्तुत नीति तथा कार्यक्रमअनुसार सिँचाइका सबै प्रक्रिया अपनाएर धेरैभन्दा धेरै जमीनलाई सिञ्चित गरिने अभियान थालिने भएको छ । उत्पादित तरकारी तथा फलफूलको भण्डारका लागि प्रदेशका नौवटा जिल्लामा ११ वटा शीत भण्डार निर्माणलाई निरन्तरता दिँदै प्रशोधन केन्द्रहरू निर्माण गरिने भएको छ। आगामी आर्थिक वर्षमा मकवानपुर जिल्लामा प्रादेशिक कृषि उपज थोक बजार र पाउडर दूध प्लान्ट तथा चितवनमा दुग्धजन्य चक्लेट उत्पादनसहितको दुग्ध प्रशोधन केन्द्र स्थापना र एकीकृत मोडल फारमलगायतका कार्यक्रमलाई निरन्तरता दिइने भएको छ।

कृषि औजार कारखाना स्थापना गर्न निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरिने भएको छ। खाद्य स्वच्छता कायम गर्न प्रमुख कृषि थोक बजारमा विषादीको अवशेष परीक्षण गरेर मात्र पैठारी र बिक्री वितरण हुने व्यवस्था मिलाउन विषादी अवशेष मापन प्रयोगशालाको क्षमता र दायरा विस्तार गरिने भएको छ। जैविक कृषि उत्पादनलाई प्रोत्साहन गरी बिक्री वितरणलाई व्यवस्थित गरिने भएको छ । त्यस्तै उत्पादनको बजारीकरणमा समस्या देखिएमा सम्बन्धित मन्त्रालयले तोकेको मूल्यमा स्थानीय तहसँगको सहकार्यमा खरिद गर्ने व्यवस्था मिलाइने भएको छ । जैविक उत्पादन गर्न स्थानीय तहलाई प्रोत्साहन गरिने तथा त्यस्ता जैविक उत्पादनमात्र गर्ने स्थानीय तहलाई जैविक कृषि क्षेत्रका रूपमा घोषणा गरी पुरस्कृत गरिने भएको छ। धान, मकै, गहुँ, कोदो र आलुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रतिफलका आधारमा कृषकलाई बीउबिजन, प्राङ्गारिक मल तथा विद्युत् महसुलमा विशेष छुट एवं अनुदानको व्यवस्था मिलाइने भएको छ । 'प्रदेश सरकारको पहिलो प्राथमिकता, कृषकको घरदैलोमा प्राविधिक सेवा' भन्ने लक्ष्यलाई कार्यान्वियन गर्न प्राविधिक जनशक्तिको व्यवस्था मिलाइने भएको छ। कृषि उत्पादन र बजारीकरणमा देखिएको असन्तुलन, कृषि उत्पादनको उचित मूल्य नपाउने गुनासो, उपभोक्ता र उत्पादकबीचको मूल्यमा हुने अन्तरलाई न्यूनीकरण गर्न र किसानलाई कृषि पेशाबाट न्यूनतम बचतको सुनिश्चितता गराउन कृषि क्षेत्रको मुख्य बालीको न्यूनतम मूल्य कायम गरी बिक्री नभएका कृषि उपजको सङ्घीय सरकारको समन्वयमा स्थानीय तहसँग सहकार्य गरी खरिद एवं भण्डारण गर्ने व्यवस्था मिलाइने भएको छ।


त्यस्तै कृषकको जीवनस्तरमा उल्लेख्य सुधार गर्ने गरी कृषि, पशुपक्षी तथा मत्स्य फार्म केन्द्रलाई व्यापक सुधार गर्ने, हाल भइरहेको उत्पादन क्षमतामा वृद्धि गर्न तरकारी एवं फलफूलको बीउ, माछाका भुरा, बाख्राको ब्रिडसमेतको बिक्री वितरणको प्रबन्ध मिलाइने भएको छ। समग्र दुग्ध क्षेत्रको विकास र विस्तार गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र चाइना एकेडेमी अफ एग्रिकल्चर मेकानाइजेसन साइन्सबीच भएको समझदारीअनुसार सम्झौता गर्ने कार्य अगाडि बढाइने भएको छ।

त्यस्तै प्रदेशभित्र विभिन्न कृषिजन्य उत्पादनमा लागेका किसान र व्यवसायीको पहिचानका लागि कृषक तथा कृषि व्यवसायी परिचयपत्रको शुरुआत गरिने भएको छ । सोको अभिलेख सूचना प्रविधिमा प्रविष्ट गरी सार्वजनिकीकरण गरिने उल्लेख छ।

कृषकको चाहना, भौगोलिक बनोट र माटोको प्रकृतिअनुसार उपयुक्त कृषि बाली र वस्तुको पहिचान गरी विशेष पकेट, ब्लकजस्ता कार्यक्रम क्रमशः सम्भाव्य जिल्लामा सञ्चालनमा ल्याइने भएको छ। कृषि, पशुपक्षी तथा मत्स्य क्षेत्रको व्यावसायिकीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण र औद्योगिकीकरण गरी गुणस्तरीय उत्पादनमा जोड दिइने नीति तथा कार्यक्रममा उल्लेख छ।

सिँचाइ नपुगेका स्थानमा लिफ्ट सिँचाइ, सोलार सिँचाइलगायत वैकल्पिक विधिमार्फत सिँचाइ पुऱ्याउने योजना अगाडि सारिएको छ।रासस

# चालू आवको आर्थिक वृद्धिदर २.३ प्रतिशत हुने प्रक्षेपण



काठमाण्डु। सरकारले चालू आर्थिक वर्षको आर्थिक वृद्धिदर २.३ प्रतिशत हुने जनाएको छ। अर्थमन्त्री डा युवराज खतिवडाले मंगलबार सङ्घीय संसद्मा पेश गर्नुभएको चालू आर्थिक सर्वेक्षण २०७६/७७ मा कोरोनाका कारण विश्व अर्थतन्त्र नै प्रभावित भएको सन्दर्भमा नेपालको आर्थिक वृद्धिदर सरकारले तय गरेको भन्दा निक्कै कम हुने बताउनुभएको हो।

सरकारले चालू आवमा ८.५ प्रतिशत आर्थिक वृद्धिदर हुने प्रक्षेपण गरेको थियो । यस्तै केही समयपहिले राष्ट्रिय तथ्याङ्क विभागले २.२७ प्रतिशत मात्रै वृद्धि हुने प्रक्षेपण गरेको थियो। कोरोनाका कारण नेपालको अर्थतन्त्रमा पनि प्रभावित हुन गएकाले वृद्धिदर कम हुने देखिएको हो । पछिल्ला तीन वर्षमा आर्थिक वृद्धिदर उत्पादकको मूल्यमा औसत ७.३ प्रतिशत रहेको थियो।

आव २०७६/७७ मा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर क्रमशः २.५, ३.४ र दुई प्रतिशत रहने अनुमान गरिएको छ। यस्तै चालू आवमा प्रतिव्यक्ति कूल ग्रार्हस्थ्य उत्पादन गत वर्षको तुलनामा ७.५ प्रतिशतले बढेर रु एक लाख २६ हजार १८ हजार अर्थात् एक हजार ८५ अमेरिकी डलर पुग्ने अनुमान छ । केही वर्षदेखि मुद्रास्फीति एक दशकको औसतभन्दा तल रहन सकेको जानकारी दिँदै अर्थमन्त्री डा खतिवडाले चालू आवको फागुन मसान्तसम्म उपभोक्ता मुद्रा स्फीति दर ६.५ प्रतिशत रहेको बताउनुभयो । अघिल्लो आवको सोही अवधिमा यस्तो मुद्रास्फीति दर ४.२ प्रतिशत थियो।

कोरोना रोकथाम एवम् नियन्त्रणका लागि चालिएका कदमबाट सार्वजनिक एवम् निजी क्षेत्रको खर्चमा आएको सङ्कुचनले चालू आवमा कूल लगानी गत आवको तुलनामा ३.४ प्रतिशतले न्यून भई र १८ खर्ब ८९ अर्ब २६ करोड हुने अनुमान गरिएको छ।

चालू आवमा प्रदेशगत कूल ग्राईस्थ्य उत्पादनको वृद्धिदर सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ४.१ र वाग्मती प्रदेशमा सबैभन्दा कम १.२ प्रतिशत हुने अनुमान गरिएको छ। यसैगरी कर्णाली प्रदेशको ३.६, प्रदेश नं १ को ३.४, गण्डकी प्रदेशको २.७ र प्रदेश नं २ को २.३ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान छ। यस्तै गत फागुन मसान्तसम्म रु १६ अर्ब १९ करोड अनुदान र ऋण रु ९३ अर्ब नौ करोड गरी कूल रु एक खर्ब नौ अर्ब २८ करोड विकास सहायता प्रतिबद्धता प्राप्त भएको सर्वेक्षणमा उल्लेख छ। रासस


## औरही गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### देउरी परवाहा, धनुषा
प्रदेश नं. २,नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मिति : २०७७/०२/१४ गते)

यस कार्यालय अन्तर्गत तपसिलमा उल्लेखित निर्माण दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रितपूर्वकका सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१) दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म तोकिए वमोजिमको दरभाउपत्र दस्तुर रु. १०००।- (पछिफिर्ता नहुने) औरही गाउँपालिका, देउरी परवाहा स्थित सनराईनज बैंकमा रहेको खाता नं. ग-४-३०८००५०२७४५७०३००३ मा दाखिला गरेको भौचर, चालु आ.व.को लागि नविकरण भएको फर्म/संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसायी दर्ताको इजाजत पत्र, मु.अ.क. दर्ताको प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाणपत्र र आ.व. २०७५।०७६ को कर चुक्ता गरेको प्रमाणपत्रहरुको प्रतिलिपी वा कर समायोजन पत्र संलग्न राखी सम्बन्धित निर्माण व्यवसायी वा निजको अधिकार प्राप्त प्रतिनिधिले लिखित निवेदन दिई यस गाउँपालिकाको कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सक्नेछ । अधिकार प्राप्त प्रतिनिधि मार्फत दरभाउपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र पेश गर्नुपर्नेछ।

२) खरिद गरेको दरभाउपत्र सम्बन्धी कागजातहरु रितपूर्वक स्पष्ट संग भरी कार्यालयमा दर्ता गर्ने दरभाउपत्रदाताले खाममा सिलबन्दी गरी खामको बाहिर ठेक्का नं. दरभाउपत्र दर्ता फर्मको नाम, पुरा ठेगाना उल्लेख गरी यस कार्यालयलाई सम्बोधन गरी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म दरभाउपत्रहरु यस कार्यालयमा दर्ता गर्न सक्नेछ । दर्ता भएको दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवारमा यसै कार्यालयमा खोलिने छ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३) दरभाउपत्रको मान्य अवधि दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिन हुनेछ। दरभाउपत्रदाताले दरभाउपत्र साथ तोकिए वमोजिमको रकममा नघटाई औरही गाउँपालिकाको कार्यालयको नाममा रहेको औरही गाउँपालिका, देउरी परवाहा स्थित सनराईनज बैंकमा रहेको धरौटी खाता नं. ग-३-०८००५०२७४५७०३००७ मा नगदै जम्मा गरेको सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको र दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट दरभाउपत्रको हकमा कम्तिमा ७५ दिन मान्य अवधि भएको दरभाउपत्र जमानत बीडबण्ड पेश गर्नुपर्नेछ। दरभाउपत्र पुस्तिका बीडबण्ड फाराम अनुसार भर्नुपर्ने हुन्छ। अन्यथा मान्य हुने छैन।

४) दरभाउपत्र शर्त सहित केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको परिमाणको मूल्य पत्र लगायतको दरभाउपत्र कागजातहरुमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको वा दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिले रितपूर्वक सहिछाप गरेको हुनुपर्नेछ।

५) दरभाउपत्रदताले परिमाणको मूल्यपत्र (BOQ) मा मूल्य अभिवृद्धि कर बाहेक तिनुपर्ने सबै कर र अन्य शुल्कहरु समावेश गरी अंक र अक्षर दुबैमा स्पष्ट संग आइटेम वाइज दररेट उल्लेख गर्नुपर्नेछ। अंकअक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ। केरमेट भएमा ठाउँमा दरभाउपत्रदाताले सहिछाप गरेको हुनुपर्नेछ।

६) दरभाउपत्र खरिद गर्ने अन्तिम मिति सार्वजनिक विदा परेमा विदा पछि लगतै कार्यालय खुलेको दिनमा खरिद गर्न र सोको भोलिपल्ट १२:०० बजे भित्र दर्ता गर्न सक्नेछ। त्यस्तै दर्ता गर्ने अन्तिम दिन विदा परेमा विदापछि लगतै कार्यालय खुलेको दिनको १२:०० भित्र दर्ता गर्न सकिनेछ।

७) दरभाउपत्र सम्बन्धी कागजातहरु भाषागत समेत त्रुटी भएमा वा विषय र प्रसंगले अन्यथा अर्थ लागेमा यस कार्यालयलाई कुनै पनि बेला सो सच्चयाउन बाधा पर्ने छैन। नेपाल सरकार र स्थानीय निकायका हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा ठेक्का रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८) दरभाउपत्रदातालाई दरभाउपत्र पेश गर्नुपर्ने पूर्व निर्माण स्थल निरीक्षण गर्न सुझाव दिईन्छ । तर सो निरीक्षण गर्न लाग्ने खर्च दरभाउपत्रदाता आफैले व्यहोर्नु पर्नेछ।

९) दरभाउपत्र सम्बन्धी कागजात प्राविधिक स्पेशिफिक्केशन तथा निर्माण स्थल लगायतका विषयमा जानकारी गराउन २०७७।०२।२३ गते दिनको १:०० बजे यस कार्यालयमा आयोजना गरिने दरभाउपत्र पूर्वको बैठकमा सहभागी हुन इच्छुक हुने सबै दरभाउपत्रदातालाई अनुरोध गरिन्छ।

१०) एक फर्मको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन। यस सूचनामा उल्लेखित दरभाउपत्रहरु सम्बन्धि थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ। (सम्पर्क नं. ९८६९९९९५४७)

११) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून अनुसार हुनेछ।

१२) बजेट व्यवस्था तथा कार्यक्रम स्वीकृत नभएको अवस्थामा ठेक्का रद्द हुनेछ।

१३) यस सूचनाका सबै ठेक्काहरुको व्यवस्थापन र मूल्यांकन सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा अन्य प्रचलित ऐन नियमअनुसार हुनेछ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टेजेन्सि बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | ARM/NCB/R/06/076-77 | हुलाकी सडक देखि रामवलीको घरसम्म पि.सि.सि. ढलान कार्य | १७१०६६७।९७ | ६००००।०० |
| २ | ARM/NCB/R/07/076-77 | चक्करको चकरदैया पोखरी देखि भोलेवाबा मन्दिर सम्म पि.सि.सि. ढलान कार्य | १७१३५४७।३४ | ६००००।०० |
| ३ | ARM/NCB/B/08/076-77 | अधुरो वडा कार्यालय निर्माण, औरही गा.पा. ६ चक्कर | ८६१९९५.३२ | ३००००।०० |
| ४ | ARM/NCB/B/09/076-77 | अधुरो दुर्गा मन्दिर निर्माण तथा तटबन्ध निर्माण | १६७७२३०.४४ | ६००००।०० |
| ५ | ARM/NCB/S/10/076-77 | स्ट्रीट लाईट खरिद जडान कार्य | ८१४५०४।०० | ३००००।०० |

प्रमुख प्रशासकिय अधिकृत


# तरकारी दिदै अन्न लिदै

कञ्चनपुर । कञ्चनपुरका ग्रामीण क्षेत्रमा अझै पनि अन्नसँग तरकारी साट्ने प्रचलन रहेको छ। तरकारी उत्पादनमा लागेका व्यक्तिले मौसमअनुसारको तरकारी मौसमअनुसारको अन्नसँग साटेर लिने/दिने गरेका छन्।

बजारमा तरकारी बिक्री गर्दा निश्चित मूल्यमा बिक्री गर्नुपर्ने हुन्छ । अन्नसँग तरकारी साटेर दिँदा दोब्बर बढी फायदा हुने गरेको छ। तरकारीले भरिएका टोकरी महिलाले बिहानीको झिसमिसेमै टाउकामा राखेर र गोरु गाडा घर घर पुऱ्याएर अन्नसँग साटेर दिने गरेका छन्।

> ***बजारमा तरकारी बिक्री गर्दा निश्चित मूल्यमा बिक्री गर्नुपर्ने हुन्छ। अन्नसँग तरकारी साटेर दिंदा दोब्बर बढी फायदा हुने गरेको छ। तरकारीले भरिएका टोकरी महिलाले बिहानीको झिसमिसेमै टाउकामा राखेर र गोरु गाडा घर घर पुऱ्याएर अन्नसँग साटेर दिने गरेका छन्।धेरै पहिलादेखि नै यो चलन चल्दै आएको जोनापुरका फुलराम चौधरीले भन्नुभयो, "अझै यो चलन हट्न सकेको छैन।***

धेरै पहिलादेखि नै यो चलन चल्दै आएको जोनापुरका फुलराम चौधरीले भन्नुभयो, "अझै यो चलन हट्न सकेको छैन। अन्नसँग तरकारी साटेर दिँदा वर्षभरिका लागि अन्न खान पुग्ने र अन्न बजारमा लगेर बिक्री गरे गतिलो आम्दानी हुने भएकाले यस कार्यलाई छाड्न सकिएको छैन।" पुर्खौंदेखि चल्दे आएको चलन अझै पनि छुट्न नसकेको उहाँको भनाइ छ।

उहाँका अनुसार बजारमा रु २० प्रतिकिलोका दरले बिक्री हुने तरकारी अन्नसँग साट्दा दुई अन्न एक तरकारीको तौल लिएर साट्ने गरिन्छ। अधिकांशले धान र गहुँसँग तरकारी साट्ने गरेका छन् । बन्दाबन्दी हुँदा धेरैले घर घरमा पुऱ्याएर तरकारी बिक्री गर्न थालेका छन् वसन्ती चौधरीले भन्नुभयो, "हाल बन्दाबन्दीले तरकारी बिक्री गर्ने पुराने चलन दोहोऱ्याइदिएको छ।"

हाल बारीमा उत्पादन भएका तिते करेला, भिण्डी, काँक्रा, प्याज, गोलभैंडा, लौका, खरबुजा, बोडीलगायत महिलाले ग्रामीण क्षेत्रका बासिन्दाका घर घरमा पुऱ्याई अन्नसँग साट्ने गरेका छन्। बजार मूल्य रु ५० प्रतिकिलोका दरले बिक्री हुने तिते करेला तीन तौल गहुँसँग साटेर दिने गरिएको मीना चौधरीले जानकारी दिनुभयो।

काँक्रा, फर्सीलाई बराबर तौलमा र भिण्डी, बोडीलगायतलाई दुई तौल अन्नसँग साटेर दिइने गरिएको छ। गहुँ प्रतिकिलो रु २५ बढीमा बिक्री भइरहेको छ । तिते करेलालाई छाडेर अन्य तरकारीको बजार मूल्य रु १० देखि रु २० प्रतिकिलो रहेको छ।

स्थानीय बासिन्दाले मागेकै अनुसार तरकारी साट्नका लागि गहुँ दिने गरेका छन् सोनिया चौधरीले भन्नुभयो, "नगदमा तरकारी किन्नका लागि कन्जुस्याइँ गर्ने बासिन्दाले सहजरूपमा गहुँसँग तरकारी साट्न रुचाउँछन् ।" दैनिक एकजना महिलाले १० किलोदेखि ५० किलोसम्म तरकारी गहुँसँग साट्ने गरेका छन् । थारै जग्गा भएका पिपलाडीका सीता चौधरीले वर्षात्को समय छाडेर अरु समय सो जग्गामा तरकारीखेती गर्दै आउनुभएको छ । तरकारी अन्नसँग साटिने भएकाले बजारबाट खाद्यान्नका रूपमा रहेका गहुँ धानलगायत खरिद गर्नु पर्दैन।

तरकारी साटेर ल्याएको अन्नले सातजनाको परिवारलाई वर्षभरि खानका लागि अन्न पुगेर बाँकी अन्न बिक्री गरी परिवारका लागि आवश्यक लुगाफाटो, बालबालिकाको विद्यालयको खर्च, औषधोपचार र अन्य खर्च सहजसँग मिलाउँदै आउनुभएको छ।

तरकारी खेतीले जीवन चल्दै आएको उहाँले बताउनुभयो । तरकारी खेतीमा संलग्न महिलाका घरका पुरुषले तरकारीका लागि खेत तयार गर्नेदेखि तरकारी उत्पादन हुञ्जेलसम्मका सबै कार्य गर्दै आएका छन् । तरकारी टिप्ने अन्नसँग साट्ने कार्यमा भने महिला संलग्न हुने गरेका छन् । तरकारीको उत्पादन बढ्दै गए पनि बन्दाबन्दीका कारण बजार पाउन नसक्दा धेरै जनाको तरकारी यस वर्ष खेतमा कुहिएको छ। अन्नसँग साट्न नसकेर पनि धेरै तरकारी खेतमै कुहिएको र जनावरलाई खुवाउनुपरेको देखतभूली कटानका किसान गङ्गाराम चौधरीले बताउनुभयो। गाउँमा अन्नसँग थोरै मात्र तरकारी साटिने गरेको छ।

विगतमा गाउँमा खपत हुन नसकेको तरकारी बजारमा लगेर बिक्री गर्दै आएका थियौं, उहाँले भन्नुभयो, ।रासस

# विकास योजना र बजेट भुक्तानीको काम अन्तिम चरणमा

मेलम्ची। सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाले आफ्नो विकास बजेट र योजनाको काम अन्तिम चरणमा पुगेको जनाएको छ।

गाउँपालिकाले विभिन्न योजनाको ६० प्रतिशत भुक्तानी र ९० प्रतिशत योजनाको काम सम्पन्न भइसकेको जनाएको छ। चालु आर्थिक वर्षमा सञ्चालित अधिकांश योजनाको काम अन्तिम चरणमा पुगेको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्चेन शेर्पाले जानकारी दिनुभयो। योजनाको काम पनि ९० प्रतिशत सकियो बजेट पनि ६० प्रतिशत सकियो, असार मसान्तसम्म सबै योजनाका काम सम्पन्न गर्ने लक्ष्यअनुरुप काम भइरहेको गाउँपालिकाका लेखा अधिकृत आर्जन श्रेष्ठले जानकारी दिनुभयो।

गाउँसभाले बजेट पारित गरेसँगै योजनाको ठेक्का सम्झौता गर्न आह्वान गरेको थियो। "तत्काल योजना कार्यान्वियमा लग्ने नीतिअनुरूप सम्झौता गरेका थियौं", अध्यक्ष शेर्पाले भन्नुभयो, "योजना सम्झौता गर्दा नै चैत मसान्तभित्र काम सम्पन्न गरिसक्नुपर्ने समयसीमा तोकेका थियौं। त्यहीअनुसार सबैले काम धमाधम गरेका छन्।"

हेलम्बु गाउँपालिकाले चालू आर्थिक वर्षमा रु ४० करोडको बजेट ल्याएको थियो। अध्यक्ष शेर्पाका अनुसार हेलम्बुमा निर्माणाधीन ग्रेडट्रेलको काम पनि धमाधम अगाडि बढिरहेको छ। रासस

# कार्यपालिका बैठकमा नगर प्रमुख सरावगीले मांगे माफी

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले कर्यपालिकाको बैठकमा माफी मागेका छन् । नगर प्रमुख सरावगीले शनिबार बसेको बोर्ड बैठकमा माफी मांगेको वडाध्यक्ष चुमन चौधरीले बताए ।

वीरगञ्ज महानगरपालिकाको गाडीमा नगर प्रहरीका इन्चार्ज हरी प्रसाद भूषालसंग वडा नम्बर ३१ को बेलवामा महानगरपालिकाको राहत वितरण सामग्री बितरण गराइएको बिषयलाई लिएर भएको बैठकमा बिरोध जनाइएको थियो ।

मधेसी जनअधिकार फोरमको टिकटबाट बिजयी भएका सरावगीले आफ्नै पार्टीका स्थानिय तथा केन्द्रिय नेताहरुलाई विस्थापित गर्ने उदेश्यका साथ राहत सामग्री पठाएर बितरण गराएकोमा वडा अध्यक्षहरुले बिरोध गरेका थिए । सताधारी नेपाल कम्युनिष्ट पार्टीको नेताहरुलाई खुसी तुल्याउन राहत वितरण गराएको आरोप उनीहरुले लगाए ।

नेपाली कांग्रेसबाट निर्वाचित वडाध्यक्ष एवम विपद व्यवस्थापन समितिका संयोजक चुमन चौधरीसंग समन्वय नगरी नेपाल कम्युनिष्ट पार्टीका प्रदेश नम्बर २ का सदस्य बाल गोपाल थापा र पर्सा जिल्लाका सदस्य शम्भु गुप्ता मार्फत राहत वितरण गराएको आरोप उनीहरुको थियो ।

मंगलवारको बोर्ड बैठकमा वडाध्यक्ष चूमन चौधरीले कडा प्रतिवाद गरे पछि नगर प्रमुख सरावगीले भविष्यमा अब उपरान्त यस्तो गल्ती नहुने भनेपछि अवस्था सामसुम भएको थियो ।

उक्त बैठकमा कोरोना रोग नियन्त्रणको लागी सरकारले लगाएको बन्दाबन्दीबाट उत्पन्न भएको अवस्थालाइ मध्यनजर गर्दै महनगरपालिकाले वितरण गरेको राहतमा ४करोड रुपैयाँ खर्च भएको जानकारी गराएको थियो ।

महानगरपालिका प्रमुख सरावगीले सरकारले लगाएको बन्दावन्दीबाट उत्पन्न भएको विषम परिस्थितीलाई मध्यनगर गदै महानगरवासिको आर्थिका सहयोग तथा कोरोना नियन्त्रणको लागी महानगरपालिकाले अहिले सम्म ३ करोड ९४ लाख रुपैया खर्च भएको प्रस्ताव अपारदशी भएकोले बैठकमा चर्चा भएको थियो ।

# रौतहटमा २२ जना संक्रमित थप दुई स्थानीय तहमा निषेधाज्ञा जारी

**राकेश यादव**

गौर । रौतहटमा मंगलबार एकै दिन २२ जनामा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण पुष्टि भएको छ । भारतको विभिन्न शहरबाट चोरबाटो भएर स्वदेश फर्केका नागरिकहरुमा कोरोना पुष्टि भएको हो ।

मंगलबार तीन स्थानीय तहमा नयाँ संक्रमित भेटिए सँगै जिल्लामा संक्रमितको संख्या ६९ पुगेको छ। राजदेवी नगरपालिकामा १ ,गौर नगरपालिकामा ८ जना नयाँ संक्रमित थपिएको छ । दिल्ली ,मुंबई ,कलकत्ता ,गुजरात लगायतका ठाउँबाट रौतहट फर्केकाहरु पोजेटिभ भेटिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

ईशनाथ नगरपालिका, राजपुर नगरपालिका, देवाही गोनाही नगरपालिका, बृन्दाबन नगरपालिकामा पहिलादेखि पोजेटीभ भेटिए पनि गौर नगरपालिका र राजदेवी नगरपालिकामा नयाँ संक्रमण देखिएको छ ।

राजदेवी वड़ा नम्बर ६ का एक जना




पुरुषमा कोरोना पुष्टि भएको प्रदेश सरकारको सामाजिक विकास मंत्रालयले जानकारी दिएको छ। राजदेवी नगरपालिकाका स्वास्थ्य संयोजक सुबोध साहका अनुसार जेष्ठ १ गते लुकेर नेपाल प्रवेश गर्म खोजे पछि गरितमा रहेका सशस्त्र प्रहरीले नियंत्रणमा लिएर क्वारेंटाइनमा राखिएको थियो ।

संक्रमण पुष्टि भएका व्यक्ति रिपोर्ट आउनु पूर्व संध्यामा खानाको विषय लिएर क्वारेंटाइन भित्र विबाद हुदा त्यही भीड़मा सहभागी भएको बुझिएको छ । ५० शैयाको निर्माण गरिएको क्वारेंटाइनमा अहिले ८५ जनाको संख्यामा मानिसहरु बसेका छन । सुत्ने, खाने व्यवस्था कमजोर रहेको भन्दे उनीहरुले बेला बेलामा विरोध गर्दै आइरहेका छन ।

पुष्टि भएको जानकारी आउने वित्तिकै संक्रमित पुरुषलाई छुट्टै व्यवस्थापन गरिएको संयोजक साहले जनाए । गौर नगरपालिकामा पुष्टि भएकाहरु भारतबाट आएको र क्वारेंटाइनमा नै बसेका छन् ।

गौर नगरपालिका वड़ा नम्बर २ मा ३ , वड़ा नम्बर १ मा १ र वड़ा नम्बर ९ र ६ मा दुई/ दुई जना रहेको नगर स्वास्थ्य संयोजक दीनबंधु यादवले बताए । आठ जना मध्ये ७ जना पुरुष र १ जना महिला रहेका छन । देवाही गोनाहीमा नयाँ ६ जना पोजेटिभ पुष्टि भएको छ । गरुडा नगरपालिकामा एक जना पोजेटिभ भेटिएको छ ।

यसै विच जिल्ला प्रशासन कार्यालयले जिल्लाको दुइ स्थानीय तहमा अर्को आदेश नभए सम्मको लागि निषेधाज्ञा जारी गरेको छ । ईशनाथ नगरपालिका र राजपुर नगरपालिकामा निषेधज्ञा जारी गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

कोरोना संक्रमणको संख्या दिन प्रति दिन थपिदै गइरहेकोले उच्च जोखिम छ । बाजारमा अति आवश्यक सामग्रीको पसलहरु खुलने गरेको छ भने वित्तीय सस्थाहरु बंद गरिएको छ ।

# मापदण्ड विपरित सञ्चालित उद्योग बन्द गराउन माग

**टुडे समाचारदाता**

जीतपुर । जितपुरसिमरा सार्वजनिक सरोकार समितिले निजी विद्यालयहरुले विद्यार्थीको पाठ्यपुस्तक र पोसाक परिवर्तन नगर्न आग्रह गरेको छ ।

निजी बिद्यालयहरुले विद्यार्थीको पाठ्यपुस्तक र विद्यालय पोसाक परिवर्तन गर्ने कुरामा अभिभावकबाट गुनासो आएकोले त्यस तर्फ गम्भिर ध्यानाकर्षण भएको समितिले जनाएको छ । निजी विद्यालयहरुलाई पुस्तक र विद्यार्थी पोशाक परिवर्तन नगर्न आग्रह गरेको छ ।

सार्वजनिक सरोकार समितिको मंगलबार भएको भिडियो कन्फरेन्स बैठकले यस्तो निर्णय गरेको हो । कोरोना भाइरसको महामारीबाट सिर्जित समस्या र बन्दा बन्दीका कारण अभिभावकको आर्थिक उपार्जनको हरेक बाटो बन्द भएको र बिहान बेलुका हात मुख जोड्नलाई समेत समस्या भइरहेको अवस्थामा प्याब्सन र एन प्याब्सन केन्द्र तथा जिल्लाले पुस्तक परिवर्तन नगर्न दिएको निर्देशन बिपरित केहि निजी विद्यालयले विद्यालय पोशाक र पाठ्यपुस्तक परिवर्तन गर्नु जायज



नदेखिने भएको हुनाले सो निर्णय तत्काल फिर्ता लिन आग्रह गरेको छ ।

साथै कक्षा सञ्चालन नभएको अवधिभरको मासिक शुल्क नलिन अनुरोध गरेको जितपुरसिमरा सार्वजनिक सरोकार समितिका संयोजक मनोज पौडेलले जानकारी दिए ।

बैठकले आफ्नो क्षेत्र भित्र रहेका शिक्षण संस्थाको गतिविधि,शुल्क तथा पोसाकका सम्बन्धमा अनुगमन गर्न जितपुरसिमरा उपमहानगरपालिकालाई आग्रह गरेको छ । बैठकले जिल्लामा बढ्दै गइरहेको कोरोना भाइरसको संक्रमणलाई जितपुरसिमरा भित्र सरकारले तोकेको मापदण्ड विपरित सञ्चालन भइरहेका कतीपय उद्योगहरुका कारणले संक्रमण फैलन सक्ने भएकोले यसतर्फ बैठकले गम्भिर चिन्ता जाहेर गर्नूका साथै मापदण्ड विपरीत सन्चालीत उद्योग बन्द गर्न स्थानीय प्रशासनसँग माग गरेको सरोकार समितिका संयोजक पौडेलले बताए ।

बैठकले केहीदिन यता सिमरामा रहेको जगदम्बा स्टिलले सिमरा क्षेत्रलाई नै आक्रान्त बनाउनेगरी प्रदुषण फालेकोप्रति आक्रोश व्यक्त गर्दै तत्काल प्रदुषण फाल्ने प्लान्ट बन्द गर्न र गराउन उद्योग प्रसाशन,स्थानीय सरकार र स्थानीय प्रशासन सँग माग गरेको छ ।

सरोकार समितिका संयोजक मनोज पौडेलको अध्यक्षतामा सम्पन्न बैठकमा छबिलाल शर्मा,कर्णथापा,नारायणघिमिरे,राजु राज गिरी,रमेस सापकोटा,पेसल मुल्मी,बिदुर खडकाको सहभागिता रहेको थियो ।

# राहत नदिएको भन्दै नगरपालिका घेराउ

**टुडे समाचारदाता**

राजविराज । जारी लकडाउनले जनता भोक भोकै मर्न लाग्दा समेत कञ्चनरुप नगरपालिकाले दोस्रो चरणको राहत वितरण गर्न चासो नदिएपछि मंगलबार गरिवहरुले नगरपालिका घेराऊ गरेका छन् ।

कञ्चनरुप नगरपालिकाले लकडाउन सुरु भएको तेस्रो साता एक पटक मात्रै राहत वितरण गरेको थियो । राहत वितरण गर्दा पनि अधिकाश वडाले १०/१५ केजी चामल वितरण गरेको थियो । कञ्चनरुप नगरपालिका-५ रामपुर पथरीका ५१ बर्षिया मलर सदा खाने नपाएर ज्यान गुमाएका छन् । तर नगरपालिकाले मलर सदा रक्सी खाने गरेको र दम्म रोगबाट पिडीत रहेको भन्दै नगरपालिकामा कोही पनि व्यक्ति भोकै बसेको जानकारी दिन नआएको विज्ञप्ति तीन दिन अघि जारी गरेको थियो ।

नगरपालिका भित्रका दलित



एवं गरिक बस्तीमा चुल्लहो बन्द छ । छरछिमेकबाट पनि सहयोग पाउन बन्द भएको अवस्था नगरपालिकाले दोस्रो चरणको राहत वितरण गर्ने कुनै तयारी नगरेको थाह पाएपछि वडा नम्बर ८का गरिव,मजदुर र दलित समुदायका महिलाहरुले नगरपालिका घेराऊ गर्दै नाराबाजी गरेका छन् ।

वडा नम्बरको राहत वितरण समितिका सदस्य एंव नेकपाका प्रतिनिधि शोभा पासवानले गाउँमा गरिवहरुको चुल्लहो बन्द भएपनि नगरपालिकाले कोही पनि नागरिक भोकै नभएको झुठो कुरा गरेको भन्दै नगरप्मुख वसन्तकुमार मिश्र समक्ष आक्रोश पोखेका थिए ।

कञ्चनरुप नगरपालिका प्रमुख वसन्तकुमार मिश्रले आज नगरपालिकाको कार्यपालिका बैठकले दोस्रो चरणको राहतबारे निर्णय गरिने जानकारी गराएका थिए । कार्यलय घेराऊ गर्न गएकाहरुलाई सामुहिक रुपमा सम्बोधन गर्दै भने,' कार्यपालिकाको आजैको बैठकबाट राहत वितरणबारे निर्णय गर्छुतपाईहरुलाई आजै थाहा भइहाल्छ ।'

# मधेशको माग समेट्न मधेशी नेताहरुको सुझाव

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले आव्हान गरेको सर्वदलीय बैठकमा मधेशवादी दलका नेताहरुले संविधान संशोधन गर्दा मधेस र आदिवासी जनजातिका माग पनि समेट्न सरकारलाई सुझाव दिएका छन् ।

मंगलबार साँझ भएको सर्वदलीय बैठकमा मधेशवादी दलका नेताहरु महन्थ ठाकुर, उपेन्द्र यादव, डा.बाबुराम भट्टराई लगायतले संविधान संशोधन गर्दा मधेस र आदिवासी जनजातिका माग पनि समेट्न सरकारलाई सुझाव दिए ।

'यो राष्ट्रियता र भौगोलिक अखण्डताको विषय हो, यसलाई सर्वसम्मत रुपमा अगाडि बढाउनुपर्छ' राजपा अध्यक्ष मण्डलका संयोजक शरतसिंह भण्डारीले भने, 'हामी हाम्रो एक इन्च भूमि छोड्ने बाला छैनौं । र, यसका लागि हुने संशोधनमा हामी कुनै बार्गेनिङ गर्दैनौं ।' तर संविधानमा धेरै त्रुटी भएकाले तत्कालीन कांग्रेस नेतृत्वको सरकारले अगाडि बढाएको तर दुई तिहाई नपुगेर पास हुन नसकेको संविधान संशोधन प्रस्तावलाई फेरि अगाडि बढाएर आफूहरुको मागलाई पनि समेट्न आग्रह गरेको उनले बताए ।

बालुवाटारमा भएको सर्वदलीय बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रलाई समेटेको नयाँ नक्साअनुसार निशान छाप परिर्वतन संसदमा दर्ता भएको संविधान संशोधन विधेयक सर्वसम्मत पास गर्न दलहरुलाई आग्रह गरेका थिए ।

प्रमुख विपक्षी नेपाली कांग्रेसे केन्द्रीय कार्य समिति बैठक बस्नुपर्ने भन्दै केही समय मागेको छ ।

# कोरोनाजस्तै लक्षण देखिएकी गर्भवती महिलाको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा कोरोना भाइरसको जस्तै लक्षण देखिएकी एक गर्भवती महिलाको मंगलबार बिहान मृत्यु भएपछि परिवारजनका साथै स्थानीयमा त्रास उत्पन्न भएको छ ।

कंचनरुप नगरपालिका ११ ठेलियाकी २४ बर्षीया महिलाको मंगलबार घरमै मृत्यु भएको नगरपालिकाका स्वास्थ्य शाखा सह संयोजक डम्बर गुप्ताले जानकारी दिए ।

गुप्ताका अनुसार उनलाई कोरोनाजस्तै लक्षण देखापरेको थियो । निरन्तर ज्वरो आउने, श्वाँस लिन समस्या हुने समस्या देखिएपछि उनलाई घरकै आइसोलेसनमा राखिएको थियो ।

उनलाई पछिल्लो एक सातादेखि नियमित ज्वरो आइरहेको थियो । गत जेठ ८ गते सदरमुकाम राजविराजस्थित डा. बिनिता यादवसँग गर्भवती जाँच गराएकी उनलाई त्यस दिन १०२ दशमलव ४ डिग्री ज्वरो पाइएको गुप्ताले बताए ।

ज्वरो आउने, श्वाँस लिन समस्या भएपछि उनलाई घरमै राख्न सल्लाह दिइएको थियो । तर सोमबार रातिदेखि उनलाई श्वाँस लिन अति नै समस्या भएपछि मंगलबार राजविराजतर्फ ल्याउने तयारी गरिरहेकै अवस्थामा मृत्यु भएको गुप्ताले जानकारी दिएका छन् ।

कोरोनाको लक्षण देखिएकी महिलाको मृत्यु भएपछि उनको स्वाब संकलन गरिएको छ । उनको स्वाब संकलन गरी धरानस्थित वि.पि. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठानको प्रयोगशालामा पठाइसकिएको गुप्ताले बताए । मृतकका परिवारमा उनका श्रीमान् र एक छोरा, एक छोरी तथा मृतकका सासू रहँदै आएकी थिइन् ।

# दुर्घटनामा दुईको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा प्रदेशको कृषि मन्त्रालयबाट अनुदानमा पाएको ट्याक्टर दुर्घटना हुँदा एक व्यक्तिको ज्यान गएको छ ।

खड्क नगरपालिका ६ चकुवामा उत्तरबाट दक्षिणतर्फ जादै गरेको कृषिबाट अनुदान प्राप्त तीन पाग्रे पावर डिलर ट्याक्टर पल्टिएर दुर्घटना भएको सप्तरी प्रहरीले जनाएको छ ।

खड्क ६ कै ४० बर्षीय हरी चौधरीले चलाउँदै गरेको उक्त ट्याक्टर आफै अनियन्त्रित भई पल्टिँदा ट्याक्टरमा सवार हरीका ७५ बर्षीय पिता गुदीलाल चौधरीको मृत्यु भएको सप्तरी प्रहरीले जनाएको छ ।

दुर्घटनामा घाइते भएका उनलाई उपचारका लागि सिरहा लगिएपनि सोही क्रममा मृत्यु भएको तथा चालक मृतकका छोरालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । सोमबार साँझ ट्र्याक्टर आफैं अनियन्त्रित भई पल्टिएको थियो ।

यस्तै सप्तरीको बोदेबसाइन नगरपालिका-२ बेरियामा मोटरसाइकलको ठक्करबाट एउटा गाई समेत मरेको छ । स४प २१३१ नंको मोटरसाइकलले ठक्कर दिँदा गाई घटनास्थलमै मरेको प्रहरीले जनाएको छ ।

त्यस्तै पूर्वपश्चिम राजमार्गअन्तर्गत सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिकास्थित जन्डोलमा सवारी साधनको ठक्करबाट नम्बर नखुलेको सवार ासाधनको ठक्करबाट पहिचान खुल्न नसकेका अन्दाजी १९ वर्षीय एक युवकको मृत्यु भएको थियो । कालो जिन्स पाइन्ट, सेतो फुल बाहुला भएको सर्ट लगाएका र उचाइ पाँच फिट तीन इन्च तथा शरीर पातलो कालो वर्ण हेर्दा तराईवासीजस्तो देखिने युवकको पहिचान हुन नसकेको प्रहरीले जनाएको छ ।

यस्ते सप्तरीको सप्तकोशी नगरपालिका-११ मलेठमा पनि मोटरसाइकलको ठक्करबाट एउटा भैंसीको ज्यान गएको छ । कञ्चनपुर-फत्तेपुर सडकखण्डमा कञ्चनपुरबाट फत्तेपुरतर्फ जाँदै गरेको को३३प ६२८ नंको मोटरसाइकलले स्थानीय दोमेश्वर खडको भैंसीलाई ठक्कर दिँदा भैसीको घटनास्थलमै मरेको प्रहरीले जनाएको छ ।

बोबेला कोरोबा भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता बलागेकोले यसबाट सतर्क हुबु बै उत्तम उपाय हो ।

यसबाट बच्ने उत्तम उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जनकपुर टुडे मिडिया ग्रुपको अपिल

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगयात धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com